# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस चेतनशील एवम् बुद्धिमानी प्राणी हो । त्यसकारण सर्वश्रेष्ठ प्राणी भनी परिचित छ । विशेष किसिमको मानसिक संरचना, भाषाको सरलता सञ्चार, सङ्ग्रह गर्न र पुनः प्रयोग गर्नेजस्ता अहम् कार्यमा मानव सर्वोत्कृष्ट जीव सावित भएको छ । ज्ञानको खोजी गर्ने क्रममा धेरै शाश्वत् सत्यहरू पत्ता लागे, आविस्कारहरू भए साथै सत्य निरूपण गर्ने क्रममा प्रगति भयो । यसरी नयाँ कार्यको आधारमा सत्यको खोजी गर्ने विभिन्न अनुसन्धानहरू हुन थाले । यसरी अपूर्ण कार्यलाई पूर्णता प्रदान गर्ने कार्यलाई अनुसन्धान भनिन्छ । वैज्ञानिक विधिहरू प्रयोग गरी कुनै खास समस्याको योजनाबद्ध अध्ययन गर्नु अनुसन्धानको कार्य भित्र पर्दछ । यसअन्तर्गत कुनै नयाँ तथ्यहरू तय गरिन्छ साथै सिद्धान्तको प्रतिपादन गरिन्छ ।

सानो समाजको रूपमा परिचित विद्यालयमा विद्यार्थीहरूको चौतर्फी विकासको लागि शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक तथा सामाजिक पक्षमा विकास गराउनका लागि कक्षाकोठा भित्र, बाहिर विभिन्न क्रियाकलाप सञ्चालन गर्ने गरिन्छ । विद्यार्थीहरूको यी क्रियाकलापको कारणले गर्दा परिपक्वता तथा व्यवहारमा समेत स्थापित गराई समाज, समुदाय तथा समग्र रूपमा राष्ट्रलाई नै योगदान दिन सक्ने सक्षम नागरिक उत्पादन गर्ने थलोको रूपमा विद्यालयलाई लिइएको पाइन्छ । विद्यालय भित्र विभिन्न क्षेत्रमा रूचि राख्ने विभिन्न समाज, समुदायबाट विभिन्न जातजाती भाषा भाषी तथा आ-आफ्नो संस्कार, परम्परा, संस्कृति लिएर आएका विभिन्न उमेर समूहका विद्यार्थीहरूले विद्यालयको माध्यमबाट आपसमा अन्तरक्रिया गरी आ-आफ्नो व्यवहारमा सकारात्मक परिवर्तन तथा चरित्र निर्माणमा सहयोग गरेको पाइन्छ । जोनडिवे (सन १९३६) ले विद्यालयलाई एक लघु समाजको रूपमा समेत व्यक्त गरेको पाइन्छ (वाग्ले र कार्की २०५९) ।

नेपालको शैक्षिक विकासमा नयाँ गति दिनको लागि वि.सं. २०१०, २०१८, २०२८, २०४८, र २०५४ मा गठित आयोग तथा समितिहरूले विभिन्न सुझावहरू दिएको पाइन्छ ।

ने.रा.शि.आ. (२०१०) का अनुसार शिक्षा देशव्यापी, राष्ट्रिय र निःशुल्क हुनु पर्ने कुरामा जोड दिइएको छ । प्राथमिक विद्यालय अन्तर्गत न्यूनतम शिक्षा दिने र माध्यमिक स्कूल साधारण तथा रोजगारी मूलक शिक्षा दिने बहुउद्देश्यको हुनेछ भनी उल्लेख गरिएको छ (ने.रा.शि.आ. २०१०) ।

सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति (२०१८) का अनुसार देशभरी एकै प्रकारको शिक्षा पद्धती लागु गर्ने, शिक्षणको माध्यम एउटै हुनुपर्ने, प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य बनाउने, व्यवसायिक र प्राविधिक शिक्षा तर्फ विशेष ध्यान दिने, सम्पूर्ण शिक्षण संस्थाहरूमा सरकारको नियन्त्रण हुनुपर्ने, उच्च शिक्षामा आवश्यक सुधार गरी संगठित बनाउनुपर्ने छ भनी आफ्नो प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८) का अनुसार प्राथमिक शिक्षा १-३ निम्न माध्यमिक शिक्षा ४-७ र माध्यमिक शिक्षा ८-१० सम्मको हुनेछ भनी उल्लेख गरेको थियो जस अन्तर्गत तहगत उद्देश्यहरूमा प्राथमिक तहको उद्देश्य बालबालिकालाई साक्षर बनाउनु, निम्न माध्यमिक तहको उद्देश्य विद्यार्थीको चरित्र निर्माण गर्नु, माध्यमिक तहको उद्देश्य व्यावसायिक शिक्षा दिई दक्ष नागरिक तयार पार्नु रहेको थियो । उच्च शिक्षा छ वर्षको हुनेछ भनि उल्लेख गरेको पाइन्छ (शर्मा २०५७)

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले शिक्षाको अवसर र सहभागितामा जोड, पाठ्यक्रम र पाठ्यसामग्रीमा जोड, शिक्षक तालिममा जोड, प्राथमिक शिक्षाको गुणसतरमा जोड, शैक्षिक व्यास्थापनमा जोड, प्राथमिक तह मातृभाषामा शिक्षण गर्ने तहका रूपमा व्यवस्था गर्नु पर्ने भनिएको छ । (शर्मा २०५७)

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले प्राथमिक शिक्षा सबैको पहुँचमा पर्नुपर्ने भनी विशेष प्राथमिक दिएको छ । नवौं योजनाको अन्त्यसम्म ६-१० उमेर समूहका ९०% र दशौं योजना अवधिमा १००% साक्षर बनाउने लक्ष्य लिनुपर्ने, विद्यालयको नक्शाङ्कन र सुगमतालाई ध्यान दिइने छ, १ वर्ष पूर्व प्राथमिक, २ वर्ष उच्च माध्यमिक शिक्षा हुनेछ र प्रविणता प्रमाण पत्र तह विस्थापित हुनेछ । प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइने छ भन्ने कुरा उल्लेख भएको पाइन्छ (शर्मा २०५७) ।

यी माथि उल्लेखित गरिएका आयोगहरूले प्राथमिक शिक्षामा विशेष जोड दिएको पाइन्छ । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरू मध्ये ५०% विद्यार्थीहरूले मात्र प्राथमिक तह उत्तीर्ण गरेको तथ्याङ्क हामी सामु रहेको छ । नेपालको प्राथमिक तहको विद्यार्थी भर्ना प्रवृत्ति हेर्ने हो भने २०६० सालमा ४०,२५,६९२ रहेकोमा वि.सं. २०६४ मा ४४,१८,७१३ रहेको पाइन्छ । जसको आधारमा भर्ना प्रतिशत ९.७६% ले बढेको पाइन्छ (अन्तराष्ट्रिय मञ्च २०६६, वैशाख अङ्क) कक्षा ५ मा सिकाइ उपलब्धिको प्रतिशत हेर्दा वि.सं. २०६२ मा ५२% र २०६४ मा ५७% रहेको छ । वि.स. २०६५ मा कक्षा ५ का विद्यार्थीहरूको औसत उपलब्धिलाई हेर्दा नेपालीमा ४५.०८, अङ्ग्रेजीमा ३९.६८, गणितमा ४७.६४ विज्ञानमा र वातावरणमा ४५.५६ र सामाजिक शिक्षामा ६५.३५ रहेको छ । (कक्षा ५ का विद्यार्थीहरूको राष्ट्रिय उपलब्धिसम्बन्धि अध्ययन प्रतिवेदन २०६५ मार्फत शिक्षक मासिक २०६७ साउन) यसरी सरकारले कुल बजेटको १७% शिक्षामा लगानी गर्दा र शिक्षामा लगानी गरेको बजेटको ५५% प्राथमिक तहमा लगानी गर्दा पनि शैक्षिक उपलब्धिमा खासै राम्रो प्रगति भएको देखिदैन । शैक्षिक उपलब्धिलाई केही तत्वहरूले प्रभाव पारेको कुरा माथिको तथ्याङ्कबाट प्रष्ट हुन्छ । नेपालमा प्राथमिक तहमा भर्ना भई प्राथमिक शिक्षा पार गर्नेको संख्या कमी भएको कारणले गर्दा प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू र यसको समाधानका उपायहरू पहिल्याउनका लागि अध्ययनको विषयवस्तु पनि यसैलाई चयन गरिएको छ । प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू कुन कुन हुन् भन्ने कुराको जानकारी यस अध्ययनको प्रमुख लक्ष्य रहेको छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहु भौगोलिक, बहुसंस्कृतिक, बहुभाषिक, वहुधार्मिक देश हो । देशका सम्पूर्ण ठाउँहरूमा बसोवास गर्ने बालबालिकाका लागि शिक्षा प्राप्त गर्ने अवसर प्राप्त गर्नु पर्दछ । प्राथमिक विद्यालयमा भर्ना भएका बालबालिका मध्ये ५०% ले मात्र प्राथमिक तहको शिक्षा पूरा गर्ने र उपलब्धि स्तर पनि न्यून रहेको देखिन्छ । सबैका लागि शिक्षा कार्यक्रम २०१५ ले सिकाइ उपलब्धि उल्लेखनीय रूपमा बृद्धिगर्ने कुरामा जोड दिएर शैक्षिक क्षेत्रमा विभिन्न नीति नियम तर्जुमा गरेको छ, आर्थिक अगानी गरेको छ, शिक्षकहरूलाइ तालिम उपलब्ध गराएको छ । तैपनि सिकाइ उपलब्धिको स्तर ५०% भन्दा कमी छ । यसको कारण व्यवस्थापन पक्ष र कार्यान्वयन पक्ष अत्यन्तै फितलो देखिएको छ । यस किसिमको जटिल

समस्या समाधान गर्नका लागि के कस्ता उपायहरू अपनाउन सकिन्छ ? कसरी दूरदर्शी नीति नियमहरूको तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन गरीन्छ ? भन्ने कुरा प्रमुख समस्या देखिन आएको छ । यस किसिमको समस्याको समाधान गर्न सके स्वभाविक रूपमै सिकाइ उपलब्धि उल्लेखनिय रूपमा बृद्धि गर्न सकिन्छ । यसमा व्यवस्थापकीय, सामाजिक, आर्थिक, राजनैतिक, प्रशासनिक आदि तत्वहरूले प्रभाव पारेको हुन्छ जसले गर्दा विद्यालयमा भर्ना भएका सम्पूर्ण विद्यार्थीहरू ध्यान दिएर पढ्न सकेका छैनन् । शिक्षा बिना कुनै पनि देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैति आदि पक्षको विकास हुन सक्दैन । यस्ता पक्षको विकासका लागि जीवनपयोगी, व्यवहारिक र गुणस्तरयुक्त शिक्षाको आवश्यकता पर्दछ ।

प्राथमिक शिक्षामा सबै वर्ग र जातका विद्यार्थीहरूको सहभागिता, शैक्षिक क्रियाकलाप, विद्यालय भर्ना, बालबालिका लाई सक्रिय बनाइ सिकाइ उपलब्धि स्तर बढाउनु पर्ने बर्तमान सन्दर्भमा यो शोधपत्रमा आधारभूत तह प्रा.वि.मा सिकाइ उपलब्धि स्थिति, सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू, तीनका समााधानका उपाय खोज्नमा केन्द्रित भई अध्ययन विश्लेषण गरिएको छ । तसर्थ यो अध्ययन निम्न प्रश्नको उत्तर खोजी गर्ने प्रयास रह्यो । शोध तयार गर्ने क्रममा शैक्षिक सत्र २०६५ र २०६६ को उपलब्धि स्तर कस्तो छ ?, विद्यालयमा विद्यार्थीहरूको शैक्षिक स्तर कस्तो छ ?, सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के हुन् ? र सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरूले कसरी उपलब्धि स्तर बढाउन/घटाउन सक्छ ? जस्ता प्रश्नहरू उठेका छन् । तसर्थ यस अनुसन्धानमा “प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू”लाई समस्या कथनको रूपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

शैक्षिक विकासको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, शिक्षण विधि, शिक्षण सिकाइ क्रियाकलाप, विद्यालयाको वातावरण, विद्यार्थी सहभागीता आदि कुराहरूको अनुकूलता मिलेको हुनु पर्दछ । यी तत्वहरूले नै शिक्षाको गुणात्मक विकास एवं विद्यार्थीहरूको उपलब्धि स्तरमा प्रभाव पारिरहेका हुन्छन् ।

विद्यार्थीको उपलब्धिस्तर पत्ता लगाउनको लागि मूल्याङ्कन गरिनु आवश्यक हुन्छ । विद्यार्थीहरूको उपलब्धिमा असर पार्ने कैयौं तत्वहरू हुन सक्छन् । त्यस्ता तत्वहरूको खोजी गरी समाधानका उपायहरू पत्ता लगाउनु पनि त्यत्तिकै आवश्यक हुन्छ । साधारणतया विद्यार्थीहरू प्राथमिक तहका कक्षाहरू उत्तिर्ण गर्दा उपलब्धिस्तर न्यून भएको देखिन्छ । त्यसकारण यस शोधकार्यमा सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई खोजी गरिएको छ ।

यस अध्ययनको औचित्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) यस अध्ययनले शिक्षकहरूलाई उनीहरूको शिक्षण सिकाइ क्रियाकलापमा र मूल्याङ्कन प्रक्रियामा सहयोग पुर्‍याउने छ ।

(ख) प्राथमिक तहको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउन सहयोगी हुनेछ ।

(ग) शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरूलाई केलाई समाधानको उपाय खोज्न सहयोग पुर्‍याउने छ ।

(घ) आमा-वुवा तथा अभिभावकहरूले आफ्ना छोराछोरी तथा विद्यालयको बारेमा जानकारी हासिल गर्ने छन् ।

(ङ) यस सम्बन्धित रूचि राख्ने अन्य व्यक्तिहरूलाई पनि यस अध्ययनबाट प्राप्त सुचनाहरू महत्वपूर्ण हुन सक्नेछन् ।

(च) अध्ययन अनुसन्धानकर्तालाई सहयोगी सामग्री बन्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू यस प्रकार छन् :

(१) प्राथमिक तहको सिकाइ उपलब्धि पहिचान गर्नु ।

(२) सिकाइ उपलब्धिलाई प्रभाव गर्ने तत्वहरूको विश्लेषण गर्नु ।

(३) विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिबृद्धिका लागि उपयुक्त उपायहरु सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका उद्देश्यहरूको प्राप्तिका लागि अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार राखिएको छ :

(क) प्राथमिक तहको सिकाइ उपलब्धि कस्तो छ ?

(ख) सिकाइ उपलब्धिलाई प्रभाव पार्ने तत्वहरू के-के हुन् ?

(ग) सिकाइ उपलब्धिलाई कसरी विश्लेषण गर्न सकिन्छ ?

(घ) विद्यार्थीहरूको सिकाइ उपलब्धि अभिबृद्धिका लागि के गर्न सकिन्छ ?

(ङ) सिकाइ उपलब्धि अभिवृद्धि गर्नुमा के कस्ता समस्याहरु आइपर्छन् ?

(च) सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि के कस्ता सुझावहरु दिन सकिन्छ ?

## १.६ अध्ययनको परिसिमा

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक भए तापनि अनुसन्धानकर्ताको समय, स्रोत र साधनको अभावको कारणले यो अध्ययन पाल्पा जिल्ला भित्र मात्र सिमीत रह्यो जसमा पाल्पाको तानसेत स्रोत केन्द्रअन्तर्गत वौघापोखराथोक गा.वि.स. का छ वटा विद्यालय मध्ये ३ वटा विद्यालय छनौट गरिएको छ । यस अध्ययनलाई वर्णनात्मक र विश्लेषणात्मक रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनको परिसिमा यसप्रकार रहेको छ ।

(क) यो अध्ययन पाल्पा जिल्लाका तीन वटा सामुदायिक विद्यालयहरू श्री लुम्बिनी मा.वि., श्री नामिकुवा नि.मा.वि. र श्री सार्वजनिक प्रा.वि.मा मात्र सिमित गरिएको छ ।

(ख) यो अध्ययन नमुना छनौटमा परेका विद्यालयका प्रा.वि. तहका विद्यार्थीको सिकाइ उपलब्धि र त्यसमा प्रभाव पार्ने तत्वहरूमा सिमित रहेको छ ।

(ग) निर्धारित सङ्ख्याका विद्यालयका प्रा.वि. तह (१-५) अध्ययन गर्ने विद्यार्थीहरूलाई लिइएको छ ।

(घ) मुख्यत प्रा.वि. तहको अङ्ग्रेजी, नेपाली, गणित, सामाजिक विषयको सिकाइ उपलब्धिको लेखाजोखामा सिमित रहनेछ ।

(ङ) दुईवर्षको सिकाइ उपलब्धिसँग सम्बन्धित तथ्याङ्कहरूलाई सिमित गरिएको छ ।

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

कुनै विषयवस्तुको बारेमा अध्ययन र अनुसन्धान गर्नका लागि त्यस विषयसँग सम्बन्धित र समस्याहरूसँग मिल्दो सिद्धान्त, सम्बन्धित साहित्यको लेख रचना तथा पूर्व प्रतिवेदनहरूको पुन अध्ययन गर्नुपर्छ । यसबाट अध्ययनथकर्तालाई समस्या समाधानका क्रममा देखिन सक्ने सम्भावित विकल्पहरूको आंकलन गर्न सजिलो हुनाको साथै  खोजका सम्बन्धमा वास्तविक र यथार्थता प्राप्त हुन्छ । हरेक अध्ययनलाई निश्चित टुङ्गोमा पुऱ्याउन विभिन्न सिद्धान्तहरू र साहित्यहरूको बारेमा विशेष खोज र अनुसन्धान गर्न आवश्यक मानिन्छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

ढकाल (२०६६) अनुसार छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरूको सम्बन्धमा मूख्य कारणको रूपमा वेरोजगारी, गरिबी, जनचेतनाको कमी, अशिक्षा, परम्परागत धार्मिक तथा सांस्कृतिक प्रवृत्ति प्रमूख रूपमा रहेको देखाइएको छ । यस किसीमको समस्या नेपालको शहरी क्षेत्रको तुलनामा दुर्गम गाउँ बस्तीका विद्यालयमा बढी प्रभाव परेको पाइन्छ । ढकालका अनुसार शहरी क्षेत्रमा बालबालिकाको शिक्षामा पहुँच बढी पाइयो । सहरको तुलनामा ग्रामिण क्षेत्रमा अझैपनि बालबालिकाहरू विद्यालय भन्दा बाहिर छन् र भर्ना भइसकेका छात्र छात्राहरू पनी घरायसी समस्या, वावुआमाको दवाव, समाजको विभेदकारी दृष्टिकोणका कारण कक्षाकोठामा नियमित हुन सकेको छैन ।

छात्राहरूको भर्ना र नियमिततामा पहुँच पुऱ्याउन महिला शिक्षकको व्यवस्था गर्नुपर्ने, उदार कक्षोन्नती नीति अपनाउने, वालमैत्रीपूर्ण सिकाइको व्यवहार गर्ने, अतिरिक्त क्रियाकलापमा छात्राहरूलाई पनि उल्लेखनीय रूपमा सहभागी गराउने र छात्राहरूका लागि विशेष सुरक्षाको व्यवस्था गर्नेजस्ता कामहरू गर्न सकेमा छात्रा भर्ना र नियमिततामा सुधार ल्याउन सकिने कुरा व्यक्त गरेका छन् । त्यसै गरि पहाड र दुर्गम बस्तीहरूमा जनचेतनामूलम कार्यक्रमहरू, अभिभावक शिक्षा, सीपमूलक र गुणस्तरीय शिक्षामा जोड दिँदै महिला

शिक्षकहरूलाई जागरूक बनाउने, दरवन्दी खाली रहेका ठाउँमा महिला शिक्षकलाई प्राथमिकता दिनेजस्ता कार्य सम्पन्न गर्न सकेमा छात्रा भर्ना र नियमिततामा सकारात्मक प्रभाव पर्दछ भनि सुझाव दिएका छन् ।

प्राथमिक तहका बालबालिकाहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको अध्ययन सँग मेल खाने हुँदा उक्त शोधलाई अध्ययन गर्नका लागि सरल पुग्ने दृष्टिले ढकालद्वारा प्रस्तुत गरिएको शोधलाई पूर्व अध्ययन गरिएको हो । उक्त शोधमा उल्लेख गरिएका छात्रा भर्ना तथा नियमिततामा प्रभाव पार्ने तत्वहरू पारिवारीक अवस्था, विद्यालयको अवस्था, सामाजिक, शैक्षिक, आर्थिक, राजनैतिक तत्वहरू यस अध्ययनसँग पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।

दंगाल, (२०६४) द्वारा कक्षाकोठा क्रियाकलापमा शिक्षण सिकाइ क्रियाकलाप महत्वपूर्ण मानिन्छ । शिक्षकद्वारा नै विद्यार्थीका शैक्षिक गतिविधिहरू अगाडि बढाउने काम गरिन्छ भन्ने कुरा उल्लेख गरेका छन् । शिक्षण सिकाइ क्रियाकलाप सम्पन्न गर्नु अघि शिक्षक आफ्नो विषयवस्तुप्रति राम्रो तयारी अवस्थामा रहनु पर्छ । शिक्षकले बार्षिक योजना, वार्षिक कार्यतालिका, एकाई योजना अनुसार दैनिक पाठयोजनाको सम्बन्धित शैक्षिक सामग्रीका साथ उपयुक्त योजना तर्जुमा गर्नुपर्छ । शिक्षकले विद्यार्थीका व्यक्तिगत विभिन्नता पहिचान गर्दै उनीहरूका भावना, विचार र क्षमताहरूको आधारमा शिक्षक व्यवस्थापन गर्न सकेमा शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पर्छ भन्ने कुरा उनको सोधमा उल्लेख गरिएको छ । नेपालको सन्दर्भमा सम्पूर्ण बालबालिकाहरू मध्ये सबै विद्यालयमा समाहित हुन नसकिरहेको अवस्थामा शिक्षकको व्यवस्थापन प्रभावकारी रूपमा अगाडि बढाइ छात्रछात्राहरूको विद्यालयमा रहन सक्ने अभिप्रेरणा जगाउन सकिन्छ भन्ने जस्ता कुराहरू उल्लेख गरेको पाइन्छ ।

शैक्षिक व्यवस्थापनअन्तर्गतको शिक्षक व्यवस्थापनमा समय समयमा शिक्षकहरूका लागि सेवाकालिन तालिमहरू, पूर्व सेवाकालिन तालिमहरू, सेमिनार तथा गोष्ठिहरू, परिमार्जित पाठ्यक्रमका सम्बन्धमा दिइने तालिमहरूका साथै विभिन्न सेमिनार तथा गाष्ठिहरूले शिक्षकलाई असल व्यवस्थापनका लागि महत्वपूर्ण उर्जा पुग्न जान्छ । उचित किसिमले

शिक्षकहरूको नियुक्ति, सरूवा, बढुवा, सीप र कलाको प्रोत्साहन गरी शिक्षकलाई आफ्नो कार्यप्रति लगनशील हुनका लागि प्रोत्साहित गर्नुपर्छ । उनको शोधमा अब्राहम मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तलाई प्रमूख सैद्धान्तिक खाका बनाइएको छ । वर्णनात्मक अनुसन्धान ढाँचामा आधारित रहेर छनौट गरिएका विद्यालयहरूबाट नमूना छनौट गरी आवश्यक र विद्यालयमा प्राप्त तथ्याङ्कहरूको आधारमा व्याख्या र विश्लेषण गरिएको छ । साथै शिक्षक व्यवस्थापनले शैक्षिक उपलब्धिमा प्रभाव पारेको निष्कर्ष निकाल्दै विभिन्न सुझावहरू प्रस्तुत गरेका छन् । उनको सुझावमा सरकार, शिक्षक सेवा आयोग, जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समिति, विद्यालय प्रशासन, अभिभावक, विद्यार्थी र स्वयं शिक्षक सबैले विशेष ध्यान दिनुपर्ने कुरा औंल्याएका छन् ।


ढकाल, (२०६६) का अनुसार मगर समुदायका बालबालिकाहरू प्राथमिक तहको शिक्षाबाट अझैपनि बञ्चित रहेका र विद्यालय गएका बालबालिकाहरू पनि बिचैमा कक्षा छाड्ने, नियमित उपस्थिति नहुने र शैक्षिक क्रियाकलापमा न्यून सहभागी हुने गरेको कुरा उल्लेख गरेका छन् । गरीवि, जनचेतनाको अभाव, आर्थिक संकट, परम्परागत सोच र प्रवृत्तिहरूका कारण गैर मगरहरूको तुलनामा मगर बालबालिकाहरूको शैक्षिक सहभागिता र उपलब्धिमा प्रभाव परेको कुराहरू उल्लेख गरेका छन् । यस किसिमका समस्या समाधानका लागि समाजमा रहेका व्यक्तिहरूको दृष्टिकोण परिवर्तन हुनुपर्ने देखिन्छ । जस अन्तर्गत बालबालिका अभिभावक, शिक्षक, प्रधानाध्यापक, नीति निर्माता र व्यवस्थापन समिति सबैमा ध्यान जानु जरूरी हुन्छ भन्ने कुरा जोड दिइएको पाइएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू शीर्षकको यस शोध अध्ययन गर्ने क्रममा अब्राहम मास्लो, पाउलो फ्रेरे र जीन पियाजेको सिद्धान्तहरू प्रयोगमा ल्याउन सकिन्छ । जुन सिद्धान्तहरूको संक्षिप्त चर्चा निम्नानुसार गरिएको छ :

### २.२.१ अव्राहम मास्लोको आवश्यकतासम्बन्धि सिद्धान्त

अव्राहम मास्लो (सन् १९४३) को आवश्यकतासम्बन्धि सिद्धान्त अनुसार शिक्षकको आवश्यकता बुझ्रेर सोहि अनुरूप उनिहरूलाई अभिप्रेरित गर्न सकेमा विद्यालयका प्रत्येक कार्यक्रममा स्तस्फुर्त रूपमा उसको सहभागिता बृद्धि हुन जान्छ त्यसैगरी अभिभावक र शिक्षकलाई उनीहरूको आवश्यकता र चाहना बुझ्रेर विद्यालयले सन्तुष्ट राख्न सकेमा उनीहरूको सहभागिता बृद्धि भई उत्तम शैक्षिक व्यवस्थापन गर्न मद्दत पुग्छ र विद्यालयको शैक्षिक गुणस्तर तथा सिकाइ उपलब्धि बृद्धि हुन सक्छ । मास्लोको सिद्धान्तलाई श्रृङ्खलावद्ध रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :




स्रोत : शर्मा, २०६२ ।

**शारीरिक आवश्यकताहरू**

मानिसलाई आत्म यथार्थी बनाउन कम महत्वका तर मानवीय जीवनका सबैभन्दा शक्तिशाली र प्रवल आवश्यकता शारीरिक आवश्यकता हुन् । तल्लो तहका अति आवश्यक

आवश्यकताहरूको पूर्ति गर्नु भनेको Need gratification हुनु हो । यसले व्यक्तिलाई सन्तुष्ट प्रदान गर्दछ ।

**सुरक्षा आवश्यकताहरू**

जव मानिसका शारीरिक आवश्यकताहरू सफलतापूर्वक पुरा हुन्छन् व्यक्तिको व्यक्तित्वमा सुरक्षा आवश्यकताहरू मुख्य बन्दछन् । नियम कानुनु, काम गर्ने स्वरूपप्रतिको निर्देशन लगायतका कुराहरू सुरक्षा आवश्यकताभित्र पर्दछन् ।

**साहचर्य र प्रेम आवश्यकताहरू**

मानिस सामाजिक प्राणी भएकोले समाजमा मिलेर बस्ने मान्यता स्वरूप एक आपसमा मिलेर, सद्भाव, माया, प्रेम अनुरूप एक भएर बस्ने वातावरणलाई साहचर्य र प्रेम सम्बन्धि आवश्यकताहरू भनिन्छ ।

**सम्मान आवश्यकताहरू**

आत्म सम्मान, आत्म आदर, आत्म ध्यान र आत्म मूल्याङ्कनका साथै अरुबाट प्राप्त गर्ने सम्मान, प्रतिष्ठा, दर्जा, सामाजिक सफलता र यश सम्मान आवश्यकताअन्तर्गत पर्दछन् । आत्म मूल्याङ्कनको आवश्यकता त्यसबेला देखा पर्दछ जव मानिसहरू आरामपूर्वक, शान्तिपूर्वक बसेका अवस्थामा हुन्छन् ।

**आत्म यथार्थीकरण**

मास्लोले प्रस्ताव गरेका मानवीय आवश्यकताहरूमा सबैभन्दा माथिल्लो र उच्च तहको आवश्यकतालाई आत्म यथार्थीकरण भनिन्छ । सामान्यतया सांस्कृतिक, सामाजिक परिवेश र अन्य कसैबाट कुनै वाधा, रोकावट नगरी स्वतन्त्रतामा रहेको स्थिति आत्म यथार्थ हो ।

आत्म यथार्थीकरणको यस अवस्थामा पुग्नका लागि मानिसको नोकरी वा कामप्रति सन्तुष्टि हुनुपर्दछ । पारिवारिक र सामाजिक सम्बन्धमा ऊ पूर्ण सन्तुष्ट हुनुपर्दछ ।

विद्यार्थीहरूका आवश्यकता र चाहनाको अध्ययन र विश्लेषणले प्राथमिक तहका बालबालिकाहरूको इच्छा एवं चाहनाहरूको विश्लेषणमा महत्वपूर्ण भूमिका खेल्दछन् । विद्यार्थीहरूका आवश्यकताहरूको विश्लेषणले विद्यार्थीहरूमा पर्ने प्रभाव, उनीहरूको स्वभाव तथा आत्मस्वाभिमान एवं महत्वकांक्षाका बारेमा विश्लेषण गर्न सरल हुन्छ । यसले प्राथमिक तहमा लैंगीय समन्वय र उत्प्रेरणा जगाउनुका साथै अध्ययनप्रति अभिरुची जाग्छ र सिकाइ उपलब्धी बृद्धि एवं सुधार गर्न सकिन्छ भन्ने विषयमा महत्वपूर्ण भूमिका खेल्दछ (शर्मा, २०६२) ।

### २.२.२ पाउरो फ्रेरेको सचेतिकरणसम्बन्धि सिद्धान्त

पाउरो फ्रेरे, (सन् १९७०) सचेतिकरण सिद्धान्तका प्रवर्तक हुन् उनले मार्क्सवादी चिन्तनलाई मिलाएर समाजलाई विश्लेषण गर्ने नयाँ सिपको सृजना गरे । उनका अनुसार सचेत भएको व्यक्तिले आफ्नो वरिपरीको वस्तु स्थितिको व्यक्तिगत वा सामूहिक अध्ययन गर्ने, विश्लेषण गर्ने र विश्लेषण पछि आएको उपलब्धि को आधारमा सामुहिक कार्य शुरू गर्ने कामहरू गरिरहेको हुन्छ । यी सबै काम को संयुक्त नामलाई उनले अभ्यास वा आदत भनेका छन् । उनको पुस्तक Pedagogy of the oppressed मार्फत् आफ्नो विचार प्रस्तुत गरे । उनले सामाजिक संरचनाको शुक्ष्म विश्लेषण गर्ने प्रक्रिया सिकाए । हाल भइरहेको पठन पाठन प्रक्रियालाई उनले बैङ्किङ प्रणाली सँग तुलना गरे जस अनुसार शिक्षकको वैंक (टाउको) बाट शिक्षार्थीको बैंङ्क टाउकोमा खन्याउने नीति भएको शिक्षा भनी आलोचना गर्दै यो प्रणाली विद्यार्थीको सिर्जनात्मक क्षमताको ख्याल नगर्ने प्रणाली हो भन्ने तर्क पेश गरे । यसको सट्टा शिक्षकलाई उदार मानवतावादी र जनपक्षिय बन्नका लागि सहभागितामूलक शिक्षण प्रणाली विकसित गरे र त्यसबाट शिक्षार्थीको सिर्जनात्मक क्षमतालाई उपभोग गर्ने नीति अख्तियार गरी शसक्तिकरण प्रक्रियाको शुरूवात गरे ।

यसरी पाउलो फ्रेरेले प्रत्येक विद्यार्थीलाई समाज विश्लेषक बनाउने शुरूवात गर्दै शिक्षकलाइ मानवतावादी, विवेकशिल, संघर्षशील एवं सामुहिक रूपमा काम गर्ने क्रियाशील व्यक्तिको रूपमा स्थापित गरिदिए । विद्यार्थीलाई समाज विश्लेषण र आफ्नो हक हितका लागि सामुहिक कार्य गर्न सदा उद्धत हुने  समूहको रूपमा विकसित गरि दिए । यसर्थ गरीव, निमूखा र शक्ती हिन हरूलाई धन हैन न्याय चाहियो भनी न्याय माग्नका लागि तयार पार्ने शैक्षिक संरचनाको शुरूवात गरे । यसै सन्दर्भमा संघर्षले सामाजिक अशान्ती बढेको अवस्थामा शिक्षाले व्यक्तिमा नयाँ सोच र आशा जगाउँछ । संघर्षको कार्यक्रमलाई कटौती गर्दै मानिसका बिचमा सहसम्बन्ध कायम गर्नुपर्छ । व्यक्ति व्यक्तिविच सचेत भई समस्याका समाधान तर्फ केन्द्रित हुनुपर्दछ । सामाजिक असमानता र अन्यायका विरूद्धमा विश्लेषणात्मक मानसिकताको विकास गराउँदै पुँजीकरण र त्यसका ऐतिहासिक, सांस्कृतिक, आर्थिक, सामाजिक, तत्वका कारण उत्पन्न खतराबाट छुटकारा पाउन र असमान शक्ति र स्रोतको वितरण तथा प्रमुखवादी सोचको विरोध गर्दै सकारात्मक सचेतनात्मक क्रियासिल मानसिकता को विकास हरेक व्यक्तिमा गराउनु पर्छ । अन्याय र असमानताको व्याख्या, विश्लेषण र आलोचना गर्दै सिकारूले आफ्नो जिवनसँग सान्दर्भिक हुने कार्यमा संलग्न रहन सचेत हुन्छ ।

सचेतिकरणलाई सामाजिक, राजनैतिक र आर्थिक विरोधाभासलाई बुझ्न सिकाइ प्रक्रियाका रूपमा लिन सकिन्छ । सिकारूलाई दविनुका वास्तविकताहरू थाहा पाउन सक्षम बनाउनु पर्छ र नयाँ सोचलाई कार्यरूपमा परिणत गर्ने माध्यमलाई संस्थागत गर्नु पर्दछ । विषयवस्तुलाइ मनन् गर्ने र वास्तविकता सँग तुलना गर्न समस्याकरण र संस्थापनलाई विश्लेषण गर्ने प्रक्रियालाई विस्थापन भनिन्छ । यसरी सिकारूलाई सशक्तिकरण गराउने माध्यमका रूपमा साक्षरताको शिक्षालाई उपयोग गर्नु पर्ने कुरा उनले स्पष्ट पारेका छन् । तसर्थ समुदायको सशक्तिकणको माध्यमबाट साक्षरता प्रदान गर्ने विधिका रूपमा सचेतिकरणको सिद्धान्त स्थापित भएको छ । यसमा सहभागी केन्द्रित र परिस्थिति अनुरूपको साक्षरताको अभ्यासलाई महत्व दिइएको छ । परम्परागत शिक्षा प्रणालीलाई बैङ्किङको धारणाले आलोचना गर्दै सिकारूलाई निस्क्रिय तत्वमा धकेल्ने कार्य गर्छ भन्ने मान्यता राखिएको छ । परम्परागत प्रणालीले व्यक्तिका क्रियाशिलता र सहभागितालाई अस्विकार गरेको छ ।  यसका विरूद्ध साक्षरता शिक्षालाई सिकारूको सक्रिय सहभागितामा सञ्चालन

गरी हरेक सिकारूका आवश्यकता अनुकुलको सिकाइ हासिल गराउन सचेतिकरणको सिद्धान्तले महत्वपूर्ण भुमिका खेलेको हुन्छ (काफ्ले र अन्य, २०६०) ।

### २.२.३ जिन पियाजेको विकासात्मक सिद्धान्त

विकासात्मक मनोवैज्ञानिक जिनपियाजे ले बालबालिकाको ज्ञानात्मक विकासका क्षेत्रमा लगभग ५० वर्ष काम गरेपछि यस शिक्षण नमूनाको विकास गरेका हुन् । सूचना आदान प्रदानको माध्यमबाट वालकको धारणात्मक विकास गरी ज्ञानात्मक बृद्धिद्वारा शिक्षण प्रभावकारी बनाउनु यस नमूनाको लक्ष्य हो । यस शिक्षण नमूना अनुसार वालकको विकासक्रम बुझ्रेर अवस्था अनुसार बौद्धिक विकास हुने गरी शिक्षण गर्नुपर्छ । शिक्षण गर्दा विद्यार्थीले मानसिक रूपबाट अभ्यास गर्ने गरी र अन्य कुनै बाधाहरूले रोक्ने अवस्थामा विचार गरी शिक्षण सिकाइ गर्नु पर्छ ।

यस नमूनाअनुसार शिक्षण गर्दा पहिले शिक्षकले कक्षकोठामा विषयवस्तुको प्रस्तुति गर्दछ । विषयवस्तु विद्यार्थीको विकासक्रम (उमेर) अनुसार उसको मष्तिष्कले तर्क गर्न सक्नेगरी प्रस्तुत गर्नुपर्छ । अर्थात विषयवस्तु प्रति विद्यार्थीले ग्रहण गर्न सक्ने गरी प्रस्तुत गर्नु पर्दछ । दोस्रो चरणमा विद्यार्थीको तर्क विचार गरी शिक्षकले कारणहरू सहित पुष्टि गर्नु पर्दछ । यसबाट विकासक्रम अनुसार मष्तिष्क वा वौद्धिक क्षमता वा ज्ञानात्मकताको विकास हुन्छ । विद्यार्थीको स्तर हेरी विद्यार्थी विद्यार्थी, शिक्षक र विद्यार्थी, शिक्षक र शिक्षकका बिचमा खुल्ला र स्वतन्त्र रूपमा तर्क राख्ने र अन्तरक्रिया गर्न सक्ने कक्षाकोठाको वातावरण हुनु पर्दछ । यस प्रकारको वातावरण सृजना गर्न शिक्षकको भुमिका प्रमूख मानिन्छ । यस नमूनालाई विद्यार्थीको उमेर विकासक्रम अनुसारका सबै तहहरूमा प्रयोग गर्न सकिन्छ । कक्षाको उपयुक्त शिक्षण वातावरण, विद्यार्थीको उमेर र मानसिक अभ्यासको सृजना यस शिक्षण नमूनाको महत्वपूर्ण पक्ष हुन् । यस शिक्षण नमूनालाई सामाजिक ज्ञानात्मक विकासका लागि प्रयोग गर्न सकिन्छ । विद्यार्थीलाई चिन्तनशील रूपमा प्रयोग गर्न सक्दा विकासक्रम अनुसार जुनसुकै तह र विषयमा पनि यस नमूनालाई प्रयोग गर्न सकिन्छ । यस नमूनालाई मूल्याङ्कन र निर्देशनमा समेत प्रयोग गर्न सकिन्छ (शर्मा एण्ड शर्मा २०५८) ।

मनोवैज्ञानिक जिन पियाजेले ज्ञानात्मक विकासका चरणहरूलाइ निम्नानुसार उल्लेख गरेका छन् ।

(क) स्नायु गति अवस्था/इन्द्रीय गतिकाल

(ख) पूर्व क्रियात्मक अवस्था

(ग) ठोस क्रियात्मक अवस्था

(घ) औपचारिक क्रियात्मक अवस्था

**(क) स्नायु गति अवस्था / इन्द्रीय गतिकाल**

पियाजेका अनुसार नवजात शिशुहरू थुप्रै स्नायु गतिका अवस्थाहरूबाट विकसित हुन्छन् । यस अवस्थामा विकासका प्रगतिमूलक साधारण व्यवहारहरू देखिन्छन् र जटिल व्यवहारहरूमा परिवर्तन हुँदै जान्छन् ।

**(ख) पूर्व क्रियात्मक अवस्था**

यस अवस्थामा बालकले विभिन्न प्रस्तुतिहरू, संकेतहरू, शब्दहरू, तस्वीरहरू आदिको प्रयोग गर्दछ । यो लगभग २ वर्षबाट सुरू हुन्छ र ७ वर्षको उमेरसम्म रहन्छ । दुई वर्षबाट सामान्यतया भाषाको विकास भइसक्ने हुनाले बालकले भूत, वर्तमान र भविष्यका वास्तविक कार्यसँग सम्बन्धित क्रियाकलापहरू देखाउन सक्तछ ।

**(ग) ठोस क्रियात्मक अवस्था**

यसलाई मूर्त क्रियात्मक अवस्था पनि भनिन्छ । यो ७ वर्षदेखि १२ वर्षसम्मको अवस्था हो । यस अवस्थामा बालकले सहि मानसिक क्रियाकलापहरू प्रदर्शन गर्दछ ।

**(घ) औपचारिक क्रियात्मक अवस्था**

यो अवस्था ११-१२ वर्षको उमेरबाट सुरू हुन्छ र अगिल्ला तीनवटा अवस्थाको यो विकासित अवस्था हो । यसमा बालकले जटिल समस्याहरूमा तर्क दिन सक्ने हुन्छन् । आफूले बोलेको

कुराहरूप्रति विचार गर्ने, यथार्थ रूपमा भविष्यका बारेमा सोच्ने, समस्याका सम्भावित परिणामहरू निकाल्ने, मानसिक रूपबाट राम्रा नराम्रा पक्षहरू केलाउन सक्ने यस अवस्थामा देखिन्छ ।

जीन पियाजेको विकासात्मक मनोवैज्ञानिक सिद्धान्तले प्राथमिक तहका फरक-फरक मानसिक अवस्था, शारीरिक अवस्था तथा फरक-फरक आर्थिक पृष्ठभूमिबाट आएका बालबालिकाहरूको सिकाइ उपलब्धि सुधार गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यसले विद्यार्थीहरूका बौद्धिक अभ्यास, तार्किकता, व्याख्या र विश्लेषणजस्ता आधारभूत एवं अत्यावश्यक तर्कहरूमा विशेष जोड दिएको छ । फलस्वरूप व्यक्तिगत अभिरुचिमा बृद्धि, सिकाइ दिगो एवं उपलब्धिमूलक बनाउन यस मनोवैज्ञानिक सिद्धान्त महत्वपूर्ण हुने कुरामा कुनै सन्देह छैन । विकासात्मक चरणहरूलाई ख्याल गरी बालबालिकाका इच्छा र चाहना बमोजिम सिकाइ हुँदा सिकाइ उपलब्धिमा उल्लेखनीय नतिजा पाइने हुँदा यसको प्रयोग प्राथमिक तहमा वरदान सावित हुने देखिन्छ (शर्मा एण्ड शर्मा, २०५८) ।

## २.३ शैक्षिक उपदेयता

यस शोधकार्यमा पूर्व साहित्यको समिक्षा गर्दा पाठकहरूलाई उक्त विषयमा पहिले के कस्तो र कति अनुसन्धान भएको रहेछ भन्ने विषयको सन्दर्भमा स्पष्ट हुने गर्दछ । अनुसन्धानलाई उद्देश्यअनुरूप लैजान र सहि निष्कर्षमा पुऱ्याउन सम्बन्धित साहित्यको पुनरावलोकन गरी अध्ययनलाई नयाँ र अर्थपूर्ण बनाउन सकिन्छ ।

यस अध्ययनमा सम्बन्धित साहित्यको पुनरावलोकनले अध्ययनलाई सहि मार्ग निर्देशन गर्न र निश्चित सिद्धान्त तय गर्न निर्देशन गरेको छ । अध्ययन गर्ने क्रममा विषयान्तर हुनबाट जोगाई शोधलाई संगठित र उद्देश्यमुखी बनाउनुका साथै वौद्धिक खुराकहरू दिन मद्दत गर्नेछ । धेरै विषयवस्तुहरू समेट्न खोज्दा वृहत्तर भई आउन सक्ने सैद्धान्तिक विचलनलाई जोगाउन साहित्यको पुनरावलोकनले मद्दत पुऱ्याउनुका साथै सैद्धान्तिक खाका चयन गर्न सहयोग पुगेको छ ।

अध्ययनको क्रममा शोधकर्तालाई विभिन्न शोधकर्ताहरूबाट प्रस्तुत गरिएका सम्बन्धित साहित्यको पुनरावलोकनबाट उचित उर्जा प्राप्त भएको छ । प्राथमिक तहका बालबालिकाहरूको सिकाइ उपलब्धिसँग सम्बन्धित अर्थात् यस अध्ययनसँग मिल्दा जुल्दा सन्दर्भ स्रोतहरूको अध्ययनबाट शोधलाई प्रस्तुत गर्ने, व्याख्या र विश्लेषण गर्ने प्रक्रियाको बारेमा अवगत हुँदै सिकाइ उपलब्धिमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने तत्वहरू सबैलाई पहिचान र सम्बोधन गर्न शैक्षिक ज्ञान प्राप्त हुन पुगेको छ । यसरी प्राप्त ज्ञानलाई अध्ययनको विषयवस्तुसँग सामान्जस्य गरी यस शोधको अध्ययन गरिएको  छ ।

# परिच्छेद : तीन
# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्दछ । निश्चित लक्ष्य हासिल गर्नका लागि पूर्वयोजना हुनु आवश्यक हुन्छ । प्रत्येक सूचना, जानकारी तथा तथ्यांकको प्रस्तुति तालिकामा देखाई व्याख्यात्मक स्वरूपमा राखिएको छ । यो अध्ययन मूलतः मिश्रित ढाँचामा आधारित रहेर गरिएको हुनाले प्रस्तुतिकरणका विधिहरू विशेषतः व्याख्यात्मक र विश्लेषणात्मक छन् ।

## ३.२ जनसंख्या र नमूना छनौट

जनसंख्या तथा नमूना छनौट गर्दा निम्न विधि अपनाइएको थियो ।

| सहभागीहरू | संख्या | नमूना छनौट | प्रतिशत | नमूना छनौट विधि |
|---|---|---|---|---|
| विद्यार्थी | २२० | २४ | १०।९% | गोलाप्रथाद्वारा |
| शिक्षक | १८ | ६ | ३३।३३% | गोलाप्रथाद्वारा |
| प्र.अ. | ३ | ३ | १००% | उद्देश्यमूलक |
| अभिभावक | २०० | २० | १०% | गोलाप्रथाद्वारा |
| स्रोतव्यक्ति | १ | १ | १००% | उद्देश्यात्मक |
| वि.व्य.स. अध्यक्ष | ३ | ३ | १००% | उद्देश्यात्मक |
| वि.व्य.स. सदस्यहरू | २१ | ३ | १४।२९% | गोलाप्रथाद्वारा |

अनुसन्धानका लागि निश्चित जनसंख्यालाई आधार मानेर निष्कर्ष निकालिएको छ । अध्ययन कार्यमा सम्पूर्ण विद्यालयहरूलाई समावेश गर्दा विभिन्न कठिनाइहरूको सामना गर्नुपर्ने भएकाले पाल्पा जिल्लाका बौघापोखराथोक गा.वि.स. भित्रका प्राथमिक तह रहेका ३ वटा विद्यालयहरूको “प्राथमिक तहको सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरू” बारे अध्ययन

गरिएको थियो । छनौटमा परेका हरेक विद्यालयबाट १/१ जना प्र.अ. उद्देश्यात्मक छनौट विधि, प्रत्येक विद्यालयबाट २/२ जना प्राथमिक तहका शिक्षकशिक्षिकाहरू नम्बर राखी गोलाप्रथाद्वारा, १/१ जना वि.व्य.स. का अध्यक्ष उद्देश्यात्मक, प्रत्येक विद्यालयको १/१ जना वि.व्य.स.का पदाधिकारी नम्बर राखी गोलाप्रथाद्वारा, लुम्बिनी मा.वि.बाट १० जना अभिभावक नम्बर राखी गोलाप्रथाद्वारा र अन्य दुई विद्यालयका अभिभावकहरू ५/५ जना नम्बर राखी गोलाप्रथाद्वारा नै छनौट गरिएको थियो । लुम्बिनी मा.वि.बाट १२ जना विद्यार्थी, नामिकुवा नि.मा.वि.बाट ७ जना विद्यार्थी र सार्वजनिक प्रा.वि.बाट ५ जना विद्यार्थीलाई नम्बर राखी गोलाप्रथाद्वारा छनौट गरिएको थियो । १ जना स्रोतव्यक्ति उद्देश्यात्मक विधिद्वारा छनौट गरी जम्मा ६० जनालाई यस अध्ययनको जनसंख्याको रूपमा लिइएको थियो ।

## ३.३ तथ्यांक संकलनका साधनहरू

यस अध्ययनका निर्धारित उद्देश्यहरू प्राप्तिका लागि निम्नानुसार तथ्याङ्क संकलनका साधनहरू प्रयोगमा ल्याइएको छ ।

### (क) अवलोकन

यस अध्ययनको उद्देश्य सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू र सिकाइ उपलब्धि अभिवृद्धिका लागि उपयुक्त उपायहरू सुझाउने उद्देश्य प्राप्तिका लागि अवलोकन फारमको प्रयोग गरिएको छ (परिशिष्ट ८) ।

### (ख) अन्तरवार्ता प्रश्नावली

यस अध्ययनका उद्देश्यहरू सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू र सिकाइ उपलप्ब्धि अभिवृद्धिका लागि उपयुक्त उपाहरू सुझाउने उद्देश्य प्राप्तिका लागि प्र.अ., शिक्षक, वि.व्य.स. पदाधिकारीहरू, स्रोत व्यक्ति, विद्यार्थी र अभिभावकका लागि अन्तवार्ता प्रश्नावली प्रयोग गरिएको छ (परिशिष्ट १, २, ३, ४, ५ र ६) ।

(ग) **सर्वेक्षण फारम**

यस अध्ययनको उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि पत्ता लगाउन अर्थात जम्मा विद्यार्थी, परीक्षामा सम्मिलित र उत्तीर्ण विद्यार्थी पत्ता लगाउन विद्यालय सर्वेक्षण फारमको प्रयोग गरिएको छ (परिशिष्ट ७) ।

## ३.४ तथ्यांक संकलन तथा विश्लेषण प्रक्रिया

कुनै पनि विषयको अनुसन्धानको लागि नमूना छनौट गर्दा संयोगमा आधारित नमूना छनौटभन्दा उद्देश्य र प्रकृति अनुसार आफ्नो दिमागीय क्षमताको प्रयोग गरी नमूना छनौट गरिने विधि उद्देश्यमूलक नमूना छनौट विधि हो । अध्ययनमा प्राथमिक तथा द्वितीय तथ्यांकहरू प्रयोग गरिएको थियो । प्राथमिक तथ्यांकहरू अन्तरवार्ता, प्रश्नावली र अवलोकन फारमहरूको प्रयोग भएको थियो । प्र.अ. र शिक्षकहरूका लागि बनाइएका अन्तरवार्ता प्रश्नावलीहरू सम्बन्धित प्र.अ. तथा शिक्षकलाई अध्ययनकर्ता स्वयम् उपस्थित भई भर्ने कार्य भएको थियो भने द्वितीय तथ्यांकहरूमा सम्बन्धित विद्यालयका वि.सु.यो. दस्तावेज तथा विद्यालय प्रशासनबाट लिइएको थियो ।

"प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू" सम्बन्धमा गरिएको अध्ययनमा प्र.अ.हरू, शिक्षकहरू, विद्यार्थीहरू, वि.व्य.स.का पदाधिकारी, अभिभावक, स्रोतव्यक्ति र विद्यालयका अभिलेखहरूलाई आधार बनाएर अध्ययनकर्ता स्वयं विद्यालयमा उपस्थित भई देखेको अवस्थाको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । वर्णनात्मक एवम् विश्लेषणात्मक विधि अपनाई यस अध्ययनलाई प्रस्तुत गरिएको छ । तथ्यांकहरूको व्याख्या गर्दा अनुसन्धानकर्तामा प्रकट भएको विचार, तथ्यांकहरूमा देखिएको अवस्था, प्रत्येक सहभागीबाट प्राप्त भएको प्रतिक्रिया आदिलाई वर्णनात्मक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

विद्यालयको प्राथमिक तहको उपलब्धि पत्ता लगाई शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउनुका साथै शैक्षिक उपलब्धि बढाउने उपाय पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य हो । यो उद्देश्य हासिल गर्नका लागि छनौटमा परेका बौघापोखराथोक गा.वि.स.का ३ वटा विद्यालयका प्र.अ.हरू, स्रोतव्यक्ति, शिक्षकहरू, अभिभावकहरू र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबाट अन्तरवार्ताको माध्यमबाट सूचना संकलन गरिएको थियो । सम्बन्धित विद्यालयहरूबाट प्राप्त तथ्यांकहरू, परीक्षाका परिणामहरू, Flash I र Flash II प्रतिवेदन, SIP (विद्यालय सुधार योजना) आदिको पनि अध्ययन र अवलोकन गरिएको थियो । संकलित आवश्यक सूचनाहरूलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या तथा विश्लेषण गरिएको छ । उद्देश्य अनुरूप क्रमअनुसार उपयुक्त तालिकामा व्याख्या र विश्लेषण निम्नानुसार गरिएको छ :

**४.१ विद्यालयहरूका सिकाइ उपलब्धिको अवस्था**

**४.२ सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू**

**४.३ सिकाइ उपलब्धि अभिबृद्धि गर्ने उपायहरू**

## ४.१ सिकाइ उपलब्धिको अवस्था

छनौटमा परेका विद्यालयमा कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूको शैक्षिक उपलब्धि विवरण लिइएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १ : जम्मा विद्यार्थी संख्या र उत्तीर्ण संख्या, २०६५**

| क्र.सं. | विद्यालयको नाम | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज. | उ. | ज. | उ. | ज. | उ. | ज. | उ. | ज. | उ. | ज. | उ. |
| १ | श्री लूम्बिनी मा.वि. | १६ | १६ | २१ | २१ | २९ | २९ | २७ | २७ | ३८ | ३६ | १४१ | १३९ |
| २ | श्री नामीकूवा नि.मा.वि. | १६ | १६ | १३ | १३ | १२ | १२ | ११ | ११ | १३ | १० | ६५ | ६२ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ८ | ८ | ७ | ७ | ७ | ७ | ८ | ८ | ९ | ७ | ३९ | ३७ |
| | जम्मा | ४० | ४० | ४१ | ४१ | ४८ | ४८ | ४६ | ४६ | ६० | ५३ | २४५ | २३८ |

स्रोत : विद्यालय अभिलेख, २०६५

अध्ययन गरिएका तीनवटा विद्यालयहरूको प्रा.वि. तहका कुल विद्यार्थी २४५ मध्ये २३८ जना उत्तीर्ण भएका छन् । जसमध्ये लुम्बिनी मा.वि.को प्रा.वि.तर्फ विद्यार्थी संख्या १४१ छ । जुन दुईवटा प्रा.वि.को तुलनामा अत्यधिक बढी छ । जसको उत्तीर्ण संख्या पनि बढी नै देखिएको छ । निरन्तर मूल्यांकन प्रणाली लागू भएका कक्षाहरू १, २ र ३मा सबै विद्यार्थीहरू उत्तीर्ण भएका छन् भने यस प्रणाली लागू नभएको कक्षा ५ मा केही विद्यार्थीहरू अनुत्तीर्ण भएको देखिन्छ । कक्षा ४ मा तीनवटै विद्यालयका विद्यार्थीहरू सबै उत्तीर्ण भएका छन् । निरन्तर मूल्याङ्कन प्रणाली लागू नभएको भए पनि यस कक्षामा बढी सक्रिय भएकोले यस्तो नतिजा आएको देखिएको हो । कक्षा ५ मा भने विद्यार्थीहरूको सक्रियतामा कमि, आवश्यक शैक्षिक सामग्रीको प्रदर्शन शैक्षिक क्रियाकलाप भएकोले विद्यँर्थीहरू असफल भएको कुरा सर्वेक्षणमा छलफलबाट थाहा हुन आएको हो । यसबाट तीनवटा विद्यालयमध्ये लुम्बिनी मा.वि.को प्रा.वि. तहमा उपलब्धि बढी देखिन्छ र सार्वजनिक प्रा.वि.मा उपलब्धि कम देखिन्छ ।

**तालिका २ : नेपाली विषयको सिकाइ उपलब्धि - २०६५**

| क्र.सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४८।९ | ३६।२१ | ५७।६२ | ३८।७२ | ४०।७ | २२२।१५ | ४४।४३ |
| २ | श्री नामीकूवा नि.मा.वि. | ५०।५ | ५०।२७ | ५६।७ | ४७।९ | ४५।३ | २०७।६७ | ४१।५३ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ५१।४ | ४८।५७ | ४६।२७ | ४७।८ | ५०।२ | २४४।२४ | ४८।८५ |

स्रोत : विद्यालय अभिलेख, २०६५

नेपाली विषयको सिकाइ उपलब्धि हेर्दा २०६५ सालमा ३ वटा विद्यालयमध्ये प्रा.वि. तहका कक्षाहरूमा औसत उपलब्धि सार्वजनिक प्रा.वि.मा ४८।८५, लुम्बिनी मा.वि.को प्रा.वि. तहमा ४४।४३ र नामिकुवा नि.मा.वि.को प्रा.वि. तहमा ४१।५३ देखिन आएको छ । नेपाली विषय अन्तर्गत सार्वजनिक प्रा.वि.मा शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्रीको प्रयोग, तालीमप्राप्त शिक्षकहरूको कार्यकुशलता आदिले गर्दा परिणाम अग्रपंक्तिमा देखिएको छ । तैपनि कुल सिकाइ उपलब्धिको तुलनामा सिकाइ उपलब्धि करिब आधा मात्रै पुरा भएको देख्न सकिन्छ ।

कक्षागत रूपमा नेपाली विषयको सिकाइ उपलब्धि हेर्दा लुम्बिनी मा.वि.को कक्षा २ र ४ मा सिकाइ उपलब्धि ४०% पनि पुगेको छैन । शिक्षकको शिक्षण कार्यकूशलता न्यून भएको हुँदा यस्तो नतिजा आएको कुरा सर्वेक्षण र छलफलबाट प्राप्त हुन्छ । अन्य कक्षाहरू १, ३ र ५ मा तुलनात्मक रूपमा केही राम्रो सिकाइ क्रियाकलाप भएकोले ४०% देखि माथि भएको देखिन्छ । नमिकुवा नि.मा.वि.को कक्षा १, २ र ३ मा सिकाइ उपलब्धि ५०% भन्दा माथि रहेकोले शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थी सहभागिता सन्तोषजनक भएको देखिन्छ भने कक्षा ४ र ५ मा सिकाइ उपलब्धि ५०% भन्दा तल छ । विद्यार्थीहरूमा सिकाइप्रतिको रुचिमा कमि हुनु शिक्षकद्वारा विद्यार्थी सिकाइको अभिरुचि बढाउन नसक्नाले यो परिणाम देखिएको कुरा छलफलबाट प्रष्ट हुन्छ । सार्वजनिक प्रा.वि.को कक्षा १ र ५ को सिकाइ उपलब्धि ५०% भन्दा तल रहेको छ । सर्वेक्षण र छलफलबाट यी कक्षाहरूमा कक्षा १ र ५ को तुलनामा विद्यार्थीको सक्रियता नहुनु, शैक्षिक सामग्रीको प्रदर्शनमा कमि हुनुले नतिजामा भिन्नता भएको कुरा प्रष्ट हुन्छ ।

**तालिका ३ : अंग्रेजी विषयको सिकाइ उपलब्धि - २०६५**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४७।९५ | ३७।९५ | ५३।३७ | ३८।३२ | ३४।७ | २१२।३ | ४२।४६ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ४०।३८ | ४८।६९ | ६५।१ | ४७।१ | ४५।०४ | २४६।३ | ४९।२६ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ४१।२८ | ४७।६ | ६०।२ | ४८।२१ | ४३।०८ | २४०।४ | ४८।०७ |

स्रोत : विद्यालय अभिलेख, २०६५

अंग्रेजी विषयको २०६५ सालको सिकाइ उपलब्धि औसतमा नामिकुवा र सार्वजनिक प्रा.वि.मा मिल्दोजुल्दो देखिन्छ भने लुम्बिनी मा.वि.को प्रा.वि. तहमा कमि देखिन्छ । लुम्बिनी मा.वि.को प्रा.वि. तहमा तालीमप्राप्त शिक्षक भए पनि व्यवहारिक पक्षमा कार्यान्वयन हुन नसकेको, शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप प्रयोगमा नआउनु र विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोगमा कमि हुनुजस्तो कारणले सिकाइ उपलब्धि अन्य दुईवटा विद्यालयको

भन्दा कम देखिन आउँछ । कक्षागत रूपमा लुम्बिनी मा.वि.को अंग्रेजी विषयको सिकाइ उपलब्धिलाई हेर्दा कक्षा १ र ३ मा क्रमश: ४७।९५ र ५३।३७ छ जुन ५०% को हाराहारीमा छ भने कक्षा २, ४ र ५ को सिकाइ उपलब्धि ४०% सम्म पनि पुग्न सकेको देखिएन । विद्यार्थीको सिकाइप्रतिको दृष्टिकोणमा परिवर्तन नभइ निरन्तर विद्यालय आउने क्रम नभएकोले सिकाइ उपलब्धिमा कमि भएको कुरा सर्वेक्षणबाट प्राप्तहुन्छ । नमिकुवा नि.मा.वि. र सार्वजनिक प्रा.वि.को १, २, ४ र ५ मा अंग्रेजी विषयको सिकाइ उपलब्धि ४०% देखि ५०% भित्र छ भने कक्षा ३ को सिकाइ उपलब्धि ६०% भन्दा माथि छ । कक्षा ३ मा पढ्ने विद्यार्थीहरू अंग्रेजी विषयको सिकाइ क्रियाकलापमा अभिरुचि राख्नुका साथै शिक्षण सिकाइ क्रियाकलापमा राम्रो सहभागिता भएकोले उपलब्धि राम्रो भएको कुरा सर्वेक्षणबाट प्राप्त हुन्छ ।

**तालिका ४ : गणित विषयको सिकाइ उपलब्धि, २०६५**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४७।५७ | ४९।६९ | ४९।७४ | ३८।७२ | ३६।१६ | २२१।९ | ४४।३८ |
| २ | श्री नामीकूवा नि.मा.वि. | ५०।४ | ५६।९५ | ५३।९ | ४१।४ | ४२।११ | २४४।८ | ४८।९५ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ५१।२ | ५७।९२ | ५२।३१ | ४३।५७ | ४६।२ | २५१।२ | ५०।२४ |

स्रोत : विद्यालय अभिलेख, २०६५

गणित विषयको सिकाइ उपलब्धि २०६५ मा पनि ३ वटा प्रा.वि. मध्ये औषतमा सार्वजनिक प्रा.वि.को ५०।२४ देखिन्छ । त्यसै गरि लुम्विनी मा.वि.को प्रा.वि. तहको औषत उपलब्धि ४४।३८ छ जुन सार्वजनीक प्रा.वि. को तुलनामा कमी देखिन्छ । नमिकुवा नि.मा.वि.को सिकाइ उपलब्धि ४८।९५ देखिन आउँछ । लुम्विनी मा.वि.मा गणित विषयमा शैक्षिक सामग्रीको प्रयोगमा कमि देखिएको र विद्यार्थीलाई अभ्यासमा कम जोड दिएको हुँदा सिकाइ उपलब्धि अन्य दुईवटा प्रा.वि. को तुलनामा कमी देखिन्छ । लुम्विनी मा.वि.को प्रा.वि. तहका १, २ र ३ कक्षामा पढाउने शिक्षक तालिमप्राप्त भएकोले र विद्यार्थी सक्रियताको कारण

सिकाइ उपलब्धि लगभग ५०% भएको र ४ र ५ कक्षामा पढाउने शिक्षकको तालिम पुरा गरेको भए तापनि पुनरताजगी तालिमको अभावले शैक्षिक सामग्रीको प्रयोग गरी अध्ययन कार्य नभएको हुँदा सिकाइ उपलब्धिमा ह्रास भएको कुरा सर्वेक्षण र गरिएको छलफलबाट प्रष्ट देखिन्छ । नामिकुवा नि.मा.वि. र सार्वजनिक प्रा.वि.को प्रा.वि. तहका कक्षा १, २ र ३ मा उपलब्धि ५०% भन्दा माथि रहेको छ । विद्यार्थीको सक्रियता राम्रो भएकोले यो नतिजा आएको हो भने ४ र ५ कक्षामा विद्यार्थीको सक्रियतामा कमी, कक्षा निरीक्षण अवलोकनमा कमी भएकोले सिकाइ उपलब्धि ५०% नपुगेको कुरा सर्वेक्षण र गरिएको छलफलबाट प्रष्ट देखिन्छ ।

**तालिका ५ : सामाजिक विषयको सिकाइ उपलब्धि-२०६५**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ५०।७६ | ५३।६ | ४८।२२ | ३८।२८ | ४१।४५ | २३२।३ | ४६।४६ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ४८।३ | ४६।३२ | ३८।२८ | ३६।५२ | ४१।५७ | २११ | ४२।२ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ४१।५७ | ३९।९ | ३६।५७ | ३७।५२ | ४१।२७ | १९६।८ | ३९।३७ |

स्रोत : विद्यालय अभिलेख, २०६५

सामाजिक विषयको २०६५ सालको शैक्षिक उपलब्धिमा ३ वटा प्रा.वि. मध्ये लुम्विनी मा.वि. को प्रा.वि. मा सिकाइ उपलब्धि अन्य दुईवटा प्रा.वि भन्दा राम्रो देखिन्छ जुन ४६.४६ हो । यसै क्रममा सार्वजनिक प्रा.वि.को सामाजिक विषयको सिकाइ उपलब्धि ३९.३७ देखिन आउँछ । यी तीनवटै विद्यालयहरूमा सिकाइ उपलब्धि ५०% भन्दा कमी देखिन्छ । प्रयाप्त मात्रामा विद्यार्थी केन्द्रित शिक्षण विधि को प्रयोग कमि विद्यार्थीहरू सिकाइका लागि सक्रिय सहभागि नहुनु जस्ता कारणले सिकाइ उपलब्धि कमि देखिन आएको छ । कक्षागत रूपमा हेर्दा लुम्बिनी मा.वि.को कक्षा १, २ र ३ मा ५०% को हाराहारिमा छ भने कक्षा ४ र ५ मा ४०% को हाराहारिमा छ । तुलनात्मक रूपमा कक्षा १, २ र ३ मा भन्दा कक्षा ४ र ५ मा शिक्षक फरक भएर सिकाइ प्रक्रियामा भिन्नता भएकोले सिकाइ उपलब्धि कम भएको

देखिन्छ । नामिकुवा नि.मा.वि.को कक्षा १, २ र ५ मा सिकाइ उपलब्धि ४०% भन्दा माथि छ भने कक्षा ३ र ४ मा सिकाइ उपलब्धि ४०% भन्दा कम देखिन्छ । यसो हुनका कारण विद्यार्थीको सिकाइमा सक्रिय सहभागितामा भिन्नता देखिनाले भन्ने कुरा छलफलबाट प्रष्ट हुन्छ । सार्वजनिक प्रा.वि.को कक्षा १ र ५ मा ४०% भन्दा केही माथि रहेको छ भने २, ३ र ४ कक्षामा ४०% भन्दा कम छ । तालिमको पूर्ण प्रयोग कक्षाकोठामा नगर्नाले नतिजा यस्तो हुन गएको कुरा छलफलबाट प्रष्ट पारेको छ ।

शैक्षिक सत्र २०६५ को अध्ययन क्षेत्र अन्तर्गत परेका विद्यालयहरूको प्रा.वि. तह (१-५) को विषयगत औषत सिकाइ उपलब्धि यसप्रकार रहेको छ ।

**तालिका ६ : शै.स. २०६५ को प्रत्येक विद्यालयको विषयगत औसत सिकाइ उपलब्धि**

| क्र.सं. | विद्यालय | नेपाली | अंग्रेजी | गणित | सामाजिक |
|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४४।४३ | ४२।४६ | ४४।३८ | ४६।४६ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ४१।५३ | ४९।२६ | ४८।९५ | ४२।२० |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ४८।८५ | ४८।०७ | ५०।२४ | ३९।३७ |
| औषत जम्मा | | ४४।९४ | ४६।५९ | ४७।८६ | ४२।६८ |

स्रोत : विद्यालय अभिलेख, २०६५ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा नेपाली विषयको औषत सिकाइ उपलब्धि ४४।९४ पाइएको छ । यसै गरी अंग्रेजी विषयको जम्मा औषत सिकाइ उपलब्धि ४६।५९ पाइएको छ । गणित र सामाजिक विषयको अध्ययन क्षेत्रको जम्मा सिकाइ उपलब्धि क्रमश ४७।८६ र ४२।६८ भएको पाइएको छ । चारवटा विषयहरूमध्ये सबैभन्दा राम्रो सिकाइ उपलब्धि गणित विषयको पाइयो भने सबैभन्दा कम सिकाइ उपलब्धि सामाजिक विषयको भएको पाइयो । गणित विषय अध्यापन गर्दा शिक्षकहरूले शैक्षिक सामाग्रीको

प्रदर्शन बढी गरेको र सामाजिक शिक्षण बढी शिक्षक केन्द्रित भएकोले परिणाम यस्तो आएको पाइयो ।

**तालिका ७ : जम्मा विद्यार्थी संख्या र उत्तीर्ण संख्या-२०६६**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ज. | उ. | ज. | उ. | ज. | उ. | ज. | उ. | ज. | उ. | ज. | उ. |
| १ | श्री लूम्बिनी मा.वि. | १३ | १३ | १८ | १८ | २३ | २३ | २१ | २१ | ४२ | ३६ | ११७ | १११ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ११ | ११ | १५ | १५ | १४ | १४ | १४ | १४ | १० | १० | ६४ | ६४ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ७ | ७ | ८ | ८ | ६ | ६ | ८ | ८ | ९ | ७ | ३८ | ३६ |
| | जम्मा | ३१ | ३१ | ४१ | ४१ | ४३ | ४३ | ४३ | ४३ | ६१ | ५३ | २१९ | २११ |

स्रोत : विद्यालय अभिलेख, २०६६

२०६६ सालमा अध्ययनको छनौटमा परेका ३ वटा विद्यालयहरू मध्ये २०६५ सालमा जस्तै लुम्विनी मा.वि.को प्रा.वि. तहमा विद्यार्थी संख्या बढी देखिन्छ । भने सार्वजनिक प्रा.वि.मा विद्यार्थी संख्या कमि देखिन्छ । उत्तीर्ण संख्या पनि लुम्विनी मा.वि.को प्रा.वि. तहमा बढि देखिन आएकोले सिकाइ उपलब्धि उत्तीर्णको दृष्टिकोणले लुम्बिनी मा.वि. मै राम्रो देखिएको छ । लुम्विनी मा.वि.को सेवा क्षेत्र बढी हुनुको साथै बस्ती घना भएको हुँदा बालबालिकाहरू पनि बढी देखिन्छन् भने अन्य दुईवटा प्रा.वि.को क्षेत्र सानो भएकोले कूल विद्यार्थी संख्या कमि देखिएको हो ।

कक्षागत रूपमा २०६६ सालको विद्यालय अभिलेखलाई हेर्दा लुम्बिनी मा.वि.को प्रा.वि. तह कक्षा २ र ३ मा २०६५ मा उत्तीर्ण भएका विद्यार्थीमा थप २/२ जना विद्यार्थी परीक्षामा सम्मिलित भई उत्तीर्ण भएको र कक्षा ५ मा १५ जना विद्यार्थी थप भएको देखियो । अन्य विद्यालयबाट भर्ना हुन आउनुका साथै २०६६ को शुरुमा विद्यालयको तर्फबाट घरदैलो कार्यक्रम र जनचेतनामूलक कार्यक्रम गरिएको हुँदा विद्यार्थी संख्या २, ३ र ५ कक्षामा बढी भएको हो भने कक्षा ४ मा विद्यार्थी अन्य विद्यालयमा स्थानान्तरण भएको हुँदा विद्यार्थी

संख्या २०६५ को तुलनामा २०६६ मा कम भएको देखिएको छ । मास्लोको आवश्यकता सम्बन्धी सिद्धान्त यहाँ सम्बन्धित रहेको छ ।

२०६६ सालको अभिलेखलाई हेर्दा नामिकुँवा नि.मा.वि.मा कक्षा ३ र ४ मा विद्यार्थी संख्या क्रमशः १ जना र २ जना २०६५ को तुलनामा बढी भएको देखियो । विद्यालयबाट गरिएको घरदैलो कार्यक्रम र नेपाल सरकारबाट प्रदान गरिएको छात्रवृत्तिको प्रभावले सकारात्मक असर परेको कुरा प्र.अ.ले छलफलका क्रममा बताएको पाइयो भने कक्षा २ र ५ मा विद्यार्थी संख्या १/१ जना घटेको देखिन्छ । अभिभावकहरूले शिक्षाको महत्वलाई नबुझि विद्यार्थीलाई बीचैमा विद्यालय छोड्न बाध्य बनाएको कुरा सर्वेक्षणका क्रममा गरिएको अभिभावकसँगको छलफलबाट प्रष्ट भएको देखिन्छ ।

सार्वजनिक प्रा.वि.को अभिलेख हेर्दा २०६५ मा भन्दा २०६६ मा कक्षा ४ र ५ १/१ जना विद्यार्थी थप भएको देखियो । अन्यत्र विद्यालयबाट त्यस विद्यालयमा भर्ना हुन आएकोले विद्यार्थी संख्या बढी भएको हो भने कक्षा ३ मा १ जना विद्यार्थी स्थानान्तरण भई अन्य विद्यालयमा गएकोले कम हुन गएको सर्वेक्षणमा गरिएको छलफलबाट प्रष्ट हुन्छ ।

**तालिका ८ : नेपाली विषयको सिकाइ उपलब्धि-२०६६**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४७।६१ | ४८।५२ | ४८।७४ | ४०।२५ | ४१।५७ | २२६।७ | ४५।३४ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ५१।२५ | ५०।०२ | ५३।०४ | ५६।४ | ४२।७ | २५३।४ | ५०।६८ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ४९।२३ | ४६।५ | ४७।९ | ४७।५ | ४४।५ | २३५।६ | ४७।१३ |

स्रोत : विद्यालय अभिलेख, २०६६

२०६६ सालको नेपाली विषयको सिकाइ उपलब्धि तथ्याङ्क हेर्दा नमिकुवा नि.मा.वि. मा राम्रो सिकाइ उपलब्धि देखिन्छ जुन ५०।६८ छ । त्यसै गरी लुम्विनी मा.वि. को प्रा.वि.र सार्वजनिक प्रा.वि. को सिकाइ उपलब्धि नामिकुवा नि.मा.वि. को तुलनामा कम देखिन

आउँछ । २०६५ सालमा सार्वजनिक प्रा.वि.को सरह यसवर्ष शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी केन्द्रित र विद्यार्थी सक्रियतामा सकारात्मक परिवर्तन आएकोले नामिकुवाको नेपाली विषयको सिकाइ उपलब्धिमा सुधार आएको देखिन्छ ।

**तालिका ९ : अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि-२०६६**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४६।२७ | ४५।०२ | ४०।३ | ३९।५७ | ३५।५ | २०६।७ | ४१।३३ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ४१।५ | ४७।५७ | ६०।३ | ४६।२ | ४३।२ | २३८।८ | ४७।७५ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ४२।५७ | ४५।२६ | ५६।४ | ४६।२८ | ४१।८ | २३२।३ | ४६।४६ |

स्रोत : विद्यालय अभिलेख, २०६६

२०६६ सालको अङ्ग्रेजी विषयको सिकाइ उपलब्धि हेर्दा नामिकुवा नि.मा.वि. र सार्वजनिक प्रा.वि. को तुलनामा लुम्विनी मा.वि. को प्रा.वि.तहमा सिकाइ उपलब्धि कमि देखिन आएको छ जुन ४१।३३ छ । यो उपलब्धि २०६५ सालको तुलनामा पनि कमि देखिन आयो । विगतका शैक्षिक क्रियाकलापहरू विद्यार्थी सक्रियतामा सन्तोषजनक सुधार हुन नसकेको र विद्यार्थी केन्द्रित शिक्षणविधि नअपनाएको कारण परिणाम सन्तोषजनक आउन नसकेको देखिन्छ । नमूना छनोटमा परेका व्यक्तिहरूसँग गरिएको प्रश्नावलीमा पनि उनीहरूको उत्तर यस्तै भएको पाइयो ।

**तालिका १० : गणित विषयको सिकाइ उपलब्धि-२०६६**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४५।२७ | ४८।६५ | ४९।७३ | ३९।२७ | ३७।२७ | २२०।२ | ४४।०४ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ५१।४ | ५५।९७ | ५२।९ | ४३।४७ | ४४।१२ | २४७।९ | ४९।५७ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ५३।२ | ५६।८२ | ५३।४६ | ४८।२७ | ४०।२५ | २५२ | ५०।४ |

स्रोत : विद्यालय अभिलेख, २०६६

२०६६ सालको गणित विषयको सिकाइ उपलब्धि आँकडाअनुसार अन्य विषय सरह सार्वजनिक प्रा.वि. र नामिकुवा नि.मा.वि. को तुलनामा कमि देखिएको छ । यो तथ्याङ्क २०६५ सालको सिकाइ उपलब्धि ४४।३८ सँग मिल्दो देखिन्छ । यसर्थ लुम्विनी मा.वि.को प्रा.वि. तहमा सिकाइ उपलब्धिको सुधार ल्याउन अन्य दुईओटा प्रा.वि. सरह विद्यार्थी र शिक्षकका सिकाइ उपलब्धिसँग सम्बन्धित गतिविधिहरूलाई अगाडि बढाउनुपर्ने कुरा सम्बन्धित सरोकारवालाहरूबाट प्रष्ट हुन्छ ।

**तालिका ११ : सामाजिक विषयको सिकाइ उपलब्धि-२०६६**

| क्र. सं. | विद्यालयको नाम | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कूल | औषत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ५१।७५ | ५०।२६ | ४७।३७ | ४२।४ | ४०।५२ | २३२।३ | ४६।४६ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ४७।३७ | ४५।५८ | ४०।४७ | ४१।२ | ४३।५ | २१८।१ | ४३।६२ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ४०।४८ | ३९।२७ | ३८।६७ | ४१।५७ | ३९।८५ | १९९।८ | ३९।९७ |

स्रोत : विद्यालय अभिलेख, २०६६

सामाजिक विषयको सिकाइ उपलब्धि २०६५ र २०६६ को तुलना गर्दा लुम्बिनी मा.वि. को प्रा.वि. तह नै अगाडी देखियो । यस विषयमा नामिकुवा नि.मा.वि. को सिकाइ उपलब्धि मा धेरै परिवर्तन भएपनि सार्वजनिक प्रा.वि. को सिकाइ उपलब्धि यथावत रहेको देखिन्छ । शिक्षण विधि, शैक्षिक सामग्री को प्रयोग, विद्यार्थी र शिक्षकको विचमा रचनात्मक सम्बन्ध कमी हुनका कारण सार्वजनिक प्रा.वि.को सिकाइ उपलब्धि यथावत नै रहेको छ । विद्यालयका प्र.अ.हरूसँगको छलफलबाट पनि यस्तै प्रतिक्रिया आएको छ ।

शैक्षिक सत्र २०६६ को अध्ययन क्षेत्र अन्तर्गत परेका विद्यालयहरूको प्रा.वि. तह (१-५) को विषयगत औषत सिकाइ उपलब्धि यसप्रकार रहेको छ ।

**तालिका १२ : शैक्षिक सत्र २०६६ को प्रत्येक विद्यालयको विषयगत औषत सिकाइ उपलब्धि**

| क.सं. | विद्यालय | नेपाली | अंग्रेजी | गणित | सामाजिक |
|---|---|---|---|---|---|
| १ | श्री लूम्बिनी मा.वि. | ४५।३४ | ४१।३३ | ४४।०४ | ४६।४६ |
| २ | श्री नामिकूवा नि.मा.वि. | ५०।६८ | ४७।७५ | ४९।५७ | ४३।६२ |
| ३ | श्री सार्वजनिक प्रा.वि. | ४७।१३ | ४६।४६ | ५०।४० | ३९।९७ |
| औषत जम्मा | | ४७।७२ | ४५।१८ | ४८।०० | ४३।३५ |

स्रोत : विद्यालय अभिलेख, २०६६ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा विभिन्न विषयहरूको औषत सिकाइ उपलब्धि हेर्दा नेपाली विषयको औसत सिकाइ उपलब्धि ४७।७२, अंग्रेजी विषयको औषत सिकाइ उपलब्धि ४५।१८, गणितको ४८ र सामाजिक को औषत सिकाइ उपलब्धि ४३।३५ भएको पाइयो । २०६५ को तुलनामा २०६६ मा नेपाली, गणित र सामाजिक विषयहरूको सिकाइ उपलब्धि बृद्धि भएको पाइयो भने अंग्रेजीको सिकाइ उपलब्धि २०६६ मा घटेको पाइयो । औषत सिकाइ उपलब्धि ४ वटै विषयको ५०% भन्दा कम भएकोले सन्तोषजनक नभएको देखियो ।

## ४.२ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

प्राथमिक तहका विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउने उद्देश्यले प्र.अ., शिक्षक, विद्यालय व्यवस्थापन समिति पदाधिकारी, अभिभावक र स्रोतव्यक्तिहरूसँग अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट संकलन गरिएको प्रतिक्रियालाई सिकाई उपलब्धिमा प्रभाव पार्ने तत्वहरूको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ शिक्षणसिकाइ सम्बन्धि तत्व

सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू मध्ये शिक्षण सिकाइ सम्बन्धि तत्व एक प्रमुख तत्व हो । जसअन्तर्गत शैक्षिक सामाग्रीको प्रयोगले सिकाइ उपलब्धिमा बृद्धि हुन्छ भनि २(६६%) प्र.अ., शिक्षक ४(६६%) र विद्यार्थी १२(५०%) ले भनेको पाइयो भने कक्षा कोठाको व्यवस्थापन प्रभावकारी हुँदा सिकाइ उपलब्धि राम्रो हुन्छ भनी सतप्रतिशत उत्तरदाताले बताए । उपयुक्त शिक्षण विधिको प्रयोगले सिकाइ उपलब्धि राम्रो हुन्छ भनी १(१००%) स्रोतव्यक्तिले बताए । विद्यार्थीहरूको सिकाइमा सक्रियता हुँदा विद्यार्थीहरू विषयवस्तु बढी जान्ने र सिकाइ उपलब्धि बृद्धि हुने कुरा १८(६६%) विद्यार्थीहरूको धारणा रहेको पाइयो । शिक्षकहरू तालिम प्राप्त भएमा विभिन्न शिक्षण विधिहरूको प्रयोग गर्न जान्नुका साथै बालमनोविज्ञानको जानकारी भइ विद्यार्थीको इच्छा, चाहना र क्षमता अनुसार अध्यापन कार्य गर्न सक्नाले सिकाई उपलब्धि सकारात्मक प्रभाव पर्दछ भनी १००% (६) जना शिक्षकहरूले बताए ।

जीन पियाजेले बालबालिकाको विकासात्मक चरणहरूको पहिचान गरी सिकाइ पक्रियाकलाप गर्दा सिकाइमा राम्रो प्रभाव पर्छ भने जस्तै बालबालिकाको रूची, उमेर, क्षमताका बारेमा जानकारी भई उचित विधिद्वारा शिक्षण गर्न सकेमा सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्न जान्छ ।

### ४.२.२ विद्यालयसँग सम्बन्धित तत्वहरू

अध्ययनको क्रममा स्थलगत सर्वेक्षण गर्दा विद्यालयका प्र.अ. शिक्षक, विद्यालय जाने छात्र छात्राका अभिभावकहरू र विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले विद्यालयमा

सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूले बालबालिकाको सिकाइ उपलब्धिमा प्रभाव पर्ने बताए । घरदैलो कार्यक्रम, विद्यालय स्वागत कार्यक्रम, अभिभावक भेला, वार्षिक उत्सव कार्यक्रम र विद्यालय र अभिभावकबीच विभिन्न समयमा हुने अन्तरक्रिया ले अभिभावकको चेतना बृद्धि भइ विद्यार्थी सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्ने धारणा व्यक्त गरेको पाइयो । छनौटमा परेका ३ वटै विद्यालयका नमुना जनसंख्याहरूसँग छलफल गर्दा विद्यालयमा हुने चेतनाको स्तर बृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने र हरेक बालबालिकाको व्यक्तिगत विभिन्नता पहिचान गरी सोहीअनुसार शिक्षण सिकाइ क्रियाकलाप गर्न सकेमा बालबालिकाहरूको उल्लेखनिय शैक्षिक उपलब्धि हासिल हुन्छ भन्ने कुरा उल्लेख गरेको पाइयो ।

समय समयमा परिवर्तन भइरहने विभिन्न शिक्षा नीतिहरू, विद्यालयमा प्रत्यक्ष रूपमा देखिने बालबालिकाबीचको विविधता, छात्र छात्राका लागि छात्रवृत्ति विद्यालय र घरबीचको दुरी, विद्यालयमा रहेका शिक्षकहरूको व्यक्तित्व, विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरू, आदिका सम्बन्धमा अन्तरवार्ता प्रश्नावली गर्दा सहभागीहरू मध्ये (१८) ७५% बालबालिकाबाट माथि उल्लेखित तत्वहरूले सिकाइ उपलब्धिमा प्रभाव पार्छ भन्ने विचार व्यक्त गरेको पाइयो । अभिभावकहरूमध्ये (१८) ९०% अभिभावकहरूले विद्यालय नै ज्ञान आर्जनको मूल थलो भएको हुँदा विद्यालयमा हुने विभिन्न गतिविधिले सिकाइ उपलब्धिमा प्रभाव पार्छन् भन्ने विचार व्यक्त गरेको पाइयो । त्यसैगरी सबै (६) १००% शिक्षक र (६) १००% व्यवस्थापन समितिका पदाधिकारीहरूको धारणा बुझ्दा विद्यालय सिकाइ उपलब्धिमा प्रभाव पार्ने प्रमुख पक्ष भए पनि घर परिवार, सामाजिक जनजिवन, राजनैतिक प्रभाव आदिले पनि सिकाइ उपलब्धिमा महत्वपूर्ण भूमिका खेल्छ भन्ने विचार व्यक्त गरेको पाइयो । स्रोतव्यक्ति (१) १००% को विचारमा पनि सिकाइ उपलब्धिमा प्रभाव पार्ने मुख्य थलोको रूपमा विद्यालय हो भन्ने कुरा व्यक्त गरेको पाइयो । यी उत्तरदाताको धारणालाई हेर्दा विद्यार्थीको उपलब्धिमा विद्यालयसँग सम्बन्धित तत्वहरू प्रभावकारी भएमा बालबालिका सिकाइमा अभिप्रेरित हुन्छन् जसले सिकाइ उपलब्धि अभिबृद्धि गर्दछ । यस दृष्टिकोणलाई हेर्दा मास्लोले दिएको आवश्यकता सम्बन्धि सिद्धान्तमा आवश्यकताहरू तलदेखि क्रमश पुरा हुने हो भने व्यक्ति माथिल्लो आवश्यकतामा पुग्ने कोशिस गर्छ अर्थात सिकाइमा अभिवृद्धि हुन्छ भने जस्तै

विद्यालयसँग सम्बन्धित विभिन्न तत्वहरूमा सकारात्मक परिवर्तन आउँदा सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पर्ने कुरा उत्तरदाताबाट व्यक्त गरेको पाइयो ।

उपयुक्त तथ्याङ्कको मध्यनजर गर्दा विद्यालयमा सञ्चालन गरिने जनचेतनामूलक कार्यक्रमहरू, विद्यालयका आचार संहिताहरू, विद्यालयमा सुरक्षाको व्यवस्था, विद्यालयको स्वच्छ शैक्षिक वातावरण, मनोवैज्ञानिक र वालकेन्द्रित शिक्षण विधिहरू, स्थानीयस्तरमा उपलब्ध र आकर्षक तथा शिक्षक विद्यार्थीको संयुक्त प्रयासबाट निर्मित सिकाइ सामग्रीहरूले बालबालिकाहरू सिकाइ उपलब्धि हासिल गर्ने महत्वपूर्ण तत्व हुन् । यसबाट सवैका लागि शिक्षा कार्यक्रम २०१५ को लक्ष्य हासिल हुनसक्दछ । सबै बालबालिकाहरूलाई विद्यालय क्षेत्रभित्र समाहित गर्न सकिन्छ । शैक्षिक गुणस्तर, सान्दर्भिक शिक्षा, शैक्षिक सुनिश्चितता आदि सजिलैसँग प्राप्त गर्न सकिन्छ ।

### ४.२.३ सामाजिक तत्वहरू

समाजमा रहेका धार्मिक मूल्य मान्यता विश्वास रीतिस्थिति चाडपर्व, धार्मीक विविधता आदि सबै बालबालिकाका शिक्षण सिकाइ उपलब्धिसँग प्रभाव पार्ने महत्वपूर्ण सामाजिक तत्वहरू हुन् । यस अध्ययनमा लक्षित गरिएका विद्यालयका प्र.अ. तथा शिक्षकहरूको धारणा बुझ्दा शिक्षण सिकाइ उपलब्धिमा सामाजिक तत्वहरूको प्रत्यक्ष प्रभाव रहेको भन्ने पाइयो । शिक्षकहरूसँग अन्तरक्रिया गर्दा ४(६६%) शिक्षकहरूबाट बालबालिकाहरूलाई सिकाइ उपलब्धिमा समाजिक संरचना, परम्परा, सांस्कृतिक भेषभुषा, सामाजिक विकृति आदिले विद्यार्थीलाई प्रत्यक्ष प्रभाव पार्छ भन्ने धारणा व्यक्त गरेको पाइयो भने बाँकी २(३३%) शिक्षकहरूले विद्यालयबाटै सामाजिक तत्वहरूमा पनि परिवर्तन गर्न सकिन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्यहरूबीच छलफल गर्दा सबै पदाधिकारीहरू ६(१००%) ले लैङ्गिक विभेद, धार्मिक विभेद, जातिपातीको भेदभाव आदिले विद्यार्थीहरूकोबीचमा पर्नजाने मनोवैज्ञानिक असरले विद्यालयसम्म पनि त्यसको असर पुग्छ । त्यसैले सामाजिक व्यवहारमा विभेदपूर्ण पक्षहरूलाई सचेत अभिभावकहरूबाट  सुधार गर्नु पर्ने कुरा जोड दिएको पाइन्छ । विद्यालयमा जाने छात्र छात्राका अभिभावकहरू १२(६०%) को

प्रतिक्रियाअनुसार शिक्षण सिकाइ उपलब्धिमा आफ्ना साथीसँगको व्यवहार, समाजमा देखिएका सामाजिक विकृति आदिले बालबालिकालाई नजिकबाट दवाव दिइरहेको हुन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । पाउलो फ्रेरेले भनेजस्तै समाजमा रहेका हरेक व्यक्तिहरूमा चेतना अभिवृद्धि गर्दै आफै ज्ञान सिक्ने र सचेतनाको विकास गर्ने गरेमा सामाजिक तत्वहरूको सिकाइ उपलब्धिमा समारात्मक प्रभाव पर्छ भन्ने धारणा छलफलमा सहभागी सदस्यहरूबाट व्यक्त भएको पाइयो ।

### ४.२.४ पारीवारिक तत्वहरू

हरेक बालबालिकाहरूका लागि परिवार पहिलो पाठशाला हो । बालबालिकाहरू अधिकांश समायमा आफ्नो परिवारको माया ममता स्नेह, मेलमिलाप, आदिबाट ज्ञानको आधारशिला प्राप्त गर्दछन् । परिवारका सदस्यहरू शैक्षिक व्यक्तित्व भएमा त्यस किसिमका अभिभावकहरूले आफ्ना सन्ततीहरूका लागि मूख्य जोड शिक्षामा नै दिन्छन् । परिवारहरू एकल परिवार र संयुक्त परिवार गरी दुई किसिमका हुन्छन् । यस अध्ययनको क्रममा पारिवारीक आस्था संयुक्त वा एकल कुन संरचनामा छात्रछात्राहरूको सिकाइ उपलब्धि बढि हुन्छ भनी अभिभावकहरूसँग सोध्दा १६(८०%) अभिभावकहरूले एकल परिवार भएमा आफ्ना वालवच्चाहरूलाइ विशेष हेरविचार गर्न सकिन्छ । यसकारण वच्चाको सिकाइ उपलब्धि राम्रो हुन्छ र हरेक बालबालिका योग्य र सक्षम नागरिक बन्न सक्छन् भन्ने धारणा व्यक्त गरेको पाइयो । त्यसैगरी ४(२०%) अभिभावकले संयुक्त संरचनाको परिवारमा कार्यको प्रतिस्प्रधा हुन्छ, सवैले आ-आफ्नो जिम्मेवारी पूरा गर्छन् त्यसो भएमा परिवारका सदस्यहरूबीच प्रतिस्पर्धात्मक भावनाको जागृत हुन्छ र सिकाइ उपलब्धि स्वभाविक रूपले प्राप्त हुन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो ।

त्यसैगरी परिवारको शैक्षिक अवस्थाले पनि बालबालिकाको सिकाइ उपलब्धिमा प्रभाव पार्छ भन्ने ५ (८३।३३%) शिक्षकहरूको धारणा पाइयो तर १(१६।६६%) शिक्षकहरूको धारणाअनुसार बालबालिकाका अन्तरनिहित प्रतिभा हरूले सिकाइ उपलब्धिमा प्रभाव पार्छ । गरीव र आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिकाहरूले पनि उल्लेखनीय सिकाइ उपलब्धि हासिल गर्न सक्छन् भन्ने धारणा व्यक्त गरेको पाइयो । पारिवारीक वातावरणले गर्दा विद्यार्थीहरूमा सिकाइ उपलब्धि हासिल गर्नका लागि के कस्तो असर पर्छ भनि विद्यार्थीहरूलाई सोधिएको प्रश्नमा २१ (८७५%) छात्रछात्राहरूबाट पारीवारीक वातावरण,

शिक्षित भएमा सानो परिवार, रोजगारीका अवसरहरू प्राप्त गर्न सक्ने परिवार, शैक्षिक स्तर माथि उठेको परिवारले हाम्रा भावनाहरू प्रति ख्याल गर्न सक्छन् भन्ने खालका भावनाहरू व्यक्त गरेको पाइयो भने ३(१२।५%) छात्रछात्राहरूबाट छात्रछात्रा आफैमा खोजनिति गर्ने जिज्ञासु चलाख होसियार भए आफ्नो अध्ययनलाई अगाडि बढाउन सके परिवारका अन्य सदस्यहरूको आर्थिक आस्था कमजोर, निरक्षर परिवार, भएपनि उल्लेखनीय सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । पारिवारीक तत्वहरूले सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वलाइ हेर्दा जिन पियाजेको विकासात्मक नमूनाअनुसार बालबालिकाको उमेरसँगै शारिरीक, मानसिक, संवेदनात्मक, वौद्धिकजस्ता सबै पक्षमा समानुपातिक विकास हुने भएको बालबालिकाहरूको पूर्व प्राथमिक तहदेखि नै उनीहरूका क्षमता अनुसारका शिक्षण सिकाइ सम्बन्धि कार्यहरू गर्दै गएमा पारिवारीक तत्वले पनि सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्छ भन्ने कुरा व्यक्त गरेको पाइयो ।

उपर्युक्त विचारहरूको भावनात्मक अन्तरक्रियाबाट पारीवारिक वातावरणले बालबालिकाहरूको शैक्षिक उपलब्धिमा प्रभाव पर्छ । परिवार एक सामाजिक संरचना मध्येको अभिन्न अङ्ग हो । परीवारलाई समाजको एक अंशको रूपमा लिन सकिन्छ  परिवारमा राम्रो गुणस्तरीय जीवन स्वस्थ र शैक्षिक वातावरण, राम्रो आर्थिक आस्था असल नैतिक आचरण हुन सकेमा भावी सन्ततीहरूलाइ पनि यसको सकारात्मक प्रभाव पर्न सक्छ । सचेत आमावावुले आफ्ना बालबालिकाहरूप्रतिका रूचि, चाहना, मनोवृत्ति, क्षमता आदिको आधारमा वाह्य वातावरणको व्यवस्था मिलाउन सक्छन् । त्यसैले परिवारको असल व्यवस्थापनले शिक्षण सिकाइ उपलब्धिमा महत्वपूर्ण टेवा दिन सक्छ ।

### ४.२.५ आर्थिक तत्वहरू

सिकाइ उपलब्धि हासिल गर्नका लागि अनिवार्य आवश्यकताको रूपमा आर्थिक तत्वलाई लिन सकिन्छ । आर्थिक विना व्यक्तिले आफ्ना आधारभुत आवश्यकताहरू जस्तै शिक्षा, स्वास्थ्य, सन्तुलित भोजन, मनोरञ्जन आदि प्राप्त गर्न सक्दैन । आजको औद्योगीक युग हो । उद्योग र आर्थिक विकास विना शैक्षिक विकास अधुरो रहन्छ । यस अध्ययनको क्रममा बालबालिकाका अभिभावकहरू १५(७५%) ले आर्थिक विना बालबालिकाहरूलाई पाठ्यपुस्तकहरू, विद्यालयको शुल्क, विद्यालय पोशाक, सन्तुलित भोजन आदि सबै प्रकारका

आवश्यकताहरूलाई पूरा गर्न कठिन हुन्छ । जसको फलस्वरूप वालवच्चालाई विद्यालय समयभन्दा बाहिरको समयमा स्वयम् बालबालिकाहरूलाइ नै आर्थिक आयआर्जनका कार्यक्रममा लगाउने बाध्यात्मक अवस्था आउछ । तसर्थ आर्थिक अवस्थाले सिकाइ उपलब्धिमा ठूलो प्रभाव पारेको हुन्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । यो धारणामा सहभागीहरू मध्ये १००% अरू उत्तरदाताहरूले सहमती जनाएको पाइयो ।

गरीविको समस्याले जगडिएको हाम्रो देश त्यसमाथी राज्यको मूल प्रवाहबाट ओझेलमा परेका विभिन्न गाउँवस्तीहरूमा बसोबास गर्ने विपन्न परिवारका बालबालिकाहरू आर्थिक दृष्टिले केही सम्पन्न परिवारका बालबालिकाका तुलनामा स्वाभाविक रूपले भिन्न देखिन्छन् । उनीहरूलाई आफ्ना साथीले खेलाएको खेलौना किन्न मन लाग्छ, आफ्नो साथी सरह खाजा नास्ता खान र इच्छाएको ठाउँमा घुम्न मन लाग्छ । यसो हुँदा बालबालिकाहरूमा मनोवैज्ञानिक असर पर्न गई आफ्ना शैक्षिक गतिविधिहरूलाई अगाडी बढाउने समय छोट्याउन पुग्छन् भन्ने कुरा सबै प्र.अ. ३(१००%) तथा शिक्षकहरू ६(१००%) बाट व्यक्त भएको पाइयो । १०(५०%) अभिभावकहरूले आर्थिक स्थिति न्यून भएकोले आफ्ना वालवच्चाहरूलाई हेरविचार गर्ने समयमा आफूहरू मेलापात र ज्याला मजदुरी मा जानुपर्ने विवशताका कारण प्रत्यक्ष रूपमा शिक्षण सिकाइ क्रियाकलापमा असर परेको बताए । त्यसैले घरपरिवारको पेशा तथा व्यवसाय राम्रो हुनु, आर्थिक स्थिति मजबुत हुनु, आवश्यकताअनुसारका शैक्षिक सामग्रीहरू जुटाउन सक्नु, साधन र स्रोत हुनुले हरेक बालबालिकाहरूमा तथा अभिभावकहरूमा आत्मिक सन्तुष्टि प्राप्त हुन्छ जसले गर्दा निर्विवाद रूपमा शिक्षण सिकाइ सम्बन्धि गतिविधिलाई निरन्तरता दिन सकिन्छ । यसले गर्दा सिकाइ उपलब्धि हासिल गर्नमा सकारात्मक सहयोग पुग्छ ।

सर्वेक्षण लिएको नमूनाको आधारमा १५(७५%) अभिभावकले शिक्षण सिकाइमा प्रभाव पार्ने प्रमूख तत्वको रूपमा आर्थिक स्रोत र साधनलाई महत्व दिएको पाइयो । त्यसैगरी ५(२५%) अभिभावकहरूले आर्थिक भन्दा अन्य तत्व शिक्षक उपलब्धि हासिल गर्नमा बढि जिम्मेवार हुन्छ भन्ने कुरामा जोड दिएको पाइयो । गरिबीका कारणले विद्यालयमा वालवच्चाहरू पढाउन नसकेका अभिभावकहरूले आर्थिक विना वालवच्चालाई स्कूल पठाउनै नसकिने धारणा व्यक्त गरेको पाइयो । यस स्रोतकेन्द्रका स्रोतव्यक्ति १(१००%) ले शैक्षिक विकास कार्यक्रम अन्तर्गत विभिन्न किसिमका छात्र छात्रावृत्ति दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति,

गरीव तथा जेहेनदार छात्रवृत्ति प्रदान गरिने हुँदा विद्यालय सेवा क्षेत्रभित्रका सबै बालबालिकाहरूलाइ विद्यालय पठाउन सकिने धारणा व्यक्त गर्नुभयो । उहाँका अनुसार विद्यालय शिक्षालाई नेपाल सरकारले निःशुल्क बनाएको र पाठ्यपुस्तकहरू पनि निःशुल्क वितरण गरिएको हुँदा प्राथमिक स्तरसम्मका बालबालिकालाई विद्यालय पठाउन आर्थिक कारण मात्रै जिम्मेवार नरहेको कुरा व्यक्त गरेको पाइयो ।

अव्राहम मास्लोको आवश्यकता सम्बन्धि सिद्धान्तले भनेजस्तै यहाँको अवस्था शिक्षक, विद्यार्थी, अभिभावक सबैमा आर्थिक अभावका समस्याहरूको सामाधान गर्नका लागि अधिकतम रूपले आर्थिक स्तरमा बृद्धि गरी आर्थिक संकटमा कुनै कठिनाई नआउने आस्था भएमा सिकाइ उपलब्धिमा सकारात्मक सहयोग पुग्ने धारणा व्यक्त भएको पाइयो ।

### ४.२.६ राजनैतिक तत्वहरू

देशको विद्यमान राजनैतिक अवस्थाले पाठ्यक्रमहरू समयमा परिमार्जन हुन सकेका छैनन् । राजनैतिक प्रभावका कारण विगतमा देशले द्वन्दको सामना गर्नु पऱ्यो । हाल आएर पनि विभिन्न राजनैतिक दलहरूको खिचातानीका कारण राजनैतिक रूपबाट नियम कानुन पारीत हुन सकेका छैनन् । स्रोतव्यक्ति १(१००%) ले नागरिकहरूमा नैसर्गिक अधिकारहरूको सुनिश्चिततामा कठिनाइ भइरहेकोले कलिलो मस्तिष्कका बालबालिकाहरूमा भविष्यको गन्तव्य यात्रा कहाँ पुग्ने हो केही निश्चित हुन नसकेको कुरा व्यक्त गरे । प्र.अ. ३(१००%) ले स्थानीयस्तरका शैक्षिक कार्यक्रमहरू, विकास निर्माणका कार्यहरू राजनैतिक दलहरूको असहमतीका कारण सम्पन्न हुन सकेका छैनन् । यसको प्रत्यक्ष प्रभाव शिक्षक, महिला, बुद्धिजिवि, बालबालिका सबैमा परेको  भन्ने कुरा व्यक्त गरे । देशको शैक्षिक गतिविधिलाई दिशावोध गर्न राजनैतिक अवस्थाले प्रभावित पारेको हुन्छ । यसले गर्दा बालबालिकाहरूका हक अधिकारहरू, इच्छा चाहना र क्षमताहरूको कदर गर्दै उनीहरूमा सृजनात्मक सीपको विकास गराउने कार्यको व्यवस्था राजनैतिक तवरबाटै हुने गर्दछ । त्यसैले गर्दा राजनैतिक तत्व पनि शिक्षण सिकाइ क्रियाकलापमा प्रभाव पार्ने महत्वपूर्ण तत्वहरू मध्ये एक हो ।

हाम्रो देशका कतिपय विद्यालयहरूमा राजनैतिक नियुक्तिका आधारमा योग्य र सक्षम व्यक्तिको सट्टा अयोग्य र असक्षम शिक्षकहरूको भर्ना गर्ने गरिन्छ । कतिपय शिक्षकहरूको

शिक्षण सिकाइ क्रियाकलापमा भन्दा राजनैतिक दाउपेचमा बढी सक्रिय रहेको देखिन्छ । यसले गर्दा समग्र विद्यालयलाई शैक्षिक वातावरणमा खलवल पुग्न जान्छ । १०(५०%) अभिभावकहरूले राजनैतिक विवादका कारणले हुने विभिन्न द्वन्दहरू हड्ताल, चक्काजाम, नेपाल बन्द आदिका कारणबाट बच्चाहरू विद्यालय पठाउन त्रसित भएको बताए । ६(१००%) जना शिक्षकले देशको राजनैतिक अवस्थामा आमूल सुधार आए केन्द्रिय स्तरबाट नीति निर्माण र सकारत्मक सोचको विकास गरी समग्र ध्यान केन्द्रित शिक्षा क्षेत्रमा गराउन सकेमा राजनैतिक क्षेत्रको शिक्षामा सकारात्मक प्रभाव पर्न जाने कुरा बताए ।

सबै उत्तरदाताले राजनीति लाई सहिप्रयोगमा ल्याउन सकेमा कुनै पनि देशको शैक्षिक विकासमा राजनैतिक विकास हुन टेवा पुग्छ भन्ने धारणा व्यक्त गरेको पाइयो । पाउलो फ्रेरेले भनेजस्तै समाजका अन्य तत्वहरू सरह राजनैतिक कार्यकर्ता, बौद्धिक व्यक्तित्व, देशका नीति निर्माण र संघसंस्थाका प्रतिनिधिहरू सबैको सोचमा राजनैतिक विचार, चेतनायुक्त भावना भएको हुनुपर्छ । राजनीतिमा पनि चेतनाको अभाव देखिएको र संकुचित विचारहरू हाबी भैरहेको अवस्थामा सचेतिकरणको सिद्धान्त चेतनाको विकास गर्न सके सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने कुरा व्यक्त गरेको पाइयो ।

## ४.३ सिकाइ उपलब्धि अभिबृद्धिगर्ने उपायहरू

“सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू” शीर्षक यस शोध अध्ययनबाट प्राप्त प्रभाव पार्ने तत्वहरूका आधारमा प्र.अ., स्रोतव्यक्ति, शिक्षकहरू, अभिभावकबाट प्राप्त प्रतिक्रियाको आधारमा सिकाइ उपलब्धि अभिवृद्धि गर्ने उपायहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

### ४.३.१ प्रयाप्त शैक्षिक सामग्रीको व्यवस्था हुनुपर्ने

विद्यालयहरूमा प्रयाप्त शैक्षिक सामग्रीको व्यवस्था विद्यालय स्तरबाटै हुन सकेमा ती सामग्रीको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गरेमा विद्यार्थीहरूको सिकाइको रूचि जान्नुका साथै सिकाइ उपलब्धि अभिवृद्धि हुने कुरामा सबै सहमत भएका छन् ।

### ४.३.२ विद्यालय भौतिक सुविधा सम्पन्न हुनुपर्ने

सहभागी प्र.अ. ३(१००%) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू ३(५०%) र स्रोतव्यक्ति १(१००%) ले विद्यालय भौतिक सुविधा सम्पन्न भएको अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप राम्रो हुन सक्ने र सिकाइ उपलब्धि वृद्धि हुने कुरामा जोड दिएका छन् ।

### ४.३.३ पुनर्ताजगी तालिमको व्यवस्था

शिक्षकहरूलाई पुनर्ताजगी तालिमको व्यवस्था प्रत्येक वर्ष हुन सकेमा नयाँ प्रतिपादन भएका शिक्षण सिकाइ विधिको जानकारी शिक्षकहरूबाट हुन्छ र विद्यार्थीहरूको सिकाइ उपलब्धि बृद्धि हुन्छ भन्ने कुरामा ३(१००%) प्र.अ., ६(१००%) शिक्षकहरूले बताएका छन् ।

### ४.३.४ विद्यार्थी केन्द्रित विधिको प्रयोग

शिक्षकहरूले शिक्षक केन्द्रित विधिको प्रयोग नगरी विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्दा विद्यार्थीहरूको सिकाइमा रूचि जान्छ र सिकाइ उपलब्धि बृद्धि हुन्छ भन्ने कुरामा १(१००%) स्रोतव्यक्ति, २०(१००%) अभिभावकहरूले बताएका छन् ।

### ४.३.५ स्थानिय स्रोत र साधनको प्रयोग

प्र.अ. २(६६%), अभिभावक १०(५०%), स्रोतव्यक्ति १(१००%) ले शिक्षकहरूले शिक्षण सिकाइ क्रियाकलाप गर्दा स्थानिय स्तरमा प्राप्त हुने सामग्रीको प्रयोग गरेमा विद्यार्थीहरूको सिकाइमा अभिवृद्धि भई सिकाइ उपलब्धि बृद्धि हुने कुरा बताए ।

### ४.३.६ परीक्षाफल प्रकाशनको बेलामा अभिभावक भेला गर्नुपर्ने

विद्यार्थीहरूको प्रत्येक परीक्षाफल प्रकाशन गर्ने क्रममा अभिभावकहरूलाई निमन्त्रणा गरी विद्यार्थीहरूलाई हौसला स्वरूप विभिन्न पुरस्कारहरू प्रदान गर्नुका साथै अभिभावकहरूसँग

शैक्षिक सुधारका सम्बन्धमा सुझावहरू आदान प्रदान गर्ने कार्यले एक अर्कामा माया ममता, सहानुभूति, सामिप्यता, सद्भाव कायम रहन पुग्छ र सिकाइ उपलब्धि बृद्धि हुन्छ भन्ने कुरा १८(९०%) अभिभावक, ३(५०%) शिक्षक र १(१००%) स्रोतव्यक्तिहरूले बताए ।

### ४.३.७ असल सांस्कृतिक धारणा विद्यार्थीहरूलाई दिनुपर्ने

सामाजिक संरचना, परम्परागत मूल्यमान्यताहरू, नैतिक आचरण, कर्तव्य पालनजस्ता असल सामाजिक संस्कृतिको धारणा बालबालिकाहरूलाई दिए विद्यालय र समाजको सम्बन्ध स्थापित गर्न सकिन्छ । यसबाट विविध जाती, भाषा, धर्म, संस्कृति हुँदाहुँदै पनि अनेकतामा एकता भए सिकाइ उपलब्धि बृद्धि गर्नका लागि सामाजिक संरचनामार्फत् सकारात्मक योगदान पुग्न सक्छ ।

### ४.३.८ विद्यालयमा अतिरिक्त क्रियाकलापको सञ्चालन गर्नुपर्ने

समयसमायमा विद्यार्थीहरूलाई अन्तरनिहित प्रतिभाको विकास गराउनका लागि विभिन्न किसिमका अतिरिक्त क्रियाकलापहरू गरेमा बालबालिकाहरूमा शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक सीपको विकास हुन गइ ज्ञान आर्जनमा सहयोग पुग्ने हुँदा सहज रूपमै सिकाइ उपलब्धिमा बृद्धि गराउन सकिन्छ भन्ने कुरा १(१००%) स्रोतव्यक्ति, ६(१००%) शिक्षक र १५(७५%) अभिभावकहरूले बताए ।

# परिच्छेद : पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरू

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने पाल्पा जिल्लाको वौघापोखराथोक गा.वि.स. अन्तर्गत पर्ने तीनवटा विद्यालयको प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरूसँग केन्द्रित रहेर गरिएको यस अध्ययनका प्राप्ती, निष्कर्ष र सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्ति

तथ्याङ्कको व्याख्या तथा विश्लेषणबाट प्राप्त प्राप्तिहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

यस अध्ययनमा संलग्न गराइएको तीनवटा विद्यालयहरूमा २०६५ सालमा लुम्बिनी मा.वि.को प्रा.वि. तहमा १४१ मध्ये १३९ (९८।५८%), नामिकुवा नि.मा.वि.को प्रा.वि. तहमा ६५ मध्ये ६२(९५।३८%) र सार्वजनिक प्रा.वि.को ३९ मध्ये ३७(९४।८७%) उत्तीर्ण भएको पाइयो । संख्यागत रूपमा हेर्दा उत्तीर्ण संख्या लुम्बिनी मा.वि.को प्रा.वि. तहमा बढि भएको पाइयो ।

२०६६ सालमा लुम्बिनी मा.वि.को प्रा.वि. तहमा ११७ मध्ये १११(९८।८७%), नामिकुवा नि.मा.वि.को प्रा.वि. तहमा ६४ मध्ये ६४(१००%) र सार्वजनिक प्रा.वि.को ३८ मध्ये ३६(९४।७३%) उत्तीर्ण भएको पाइयो । संख्यागत रूपमा लुम्बिनी मा.वि.को प्रा.वि. तहमा उत्तीर्ण बढी भए पनि नामिकुवा नि.मा.वि. मा १००% नै उत्तीर्ण भएको पाइयो ।

२०६५ सालको तीनवटा विद्यालयको जम्मा औषत सिकाइ उपलब्धि नेपाली विषयको ४४।९४, अंग्रेजी विषयको ४६।५९, गणित विषयको ४७।८६ र सामाजिक विषयको ४२।६८ भएको पाइयो ।

२०६६ सालको तीनवता विद्यालयमा जम्मा औषत सिकाइ उपलब्धि नेपाली विषयको ४७।७२, अंग्रेजी विषयको ४५।१८, गणित विषयको ४८।०० र सामाजिक विषयको ४३।३५ भएको पाइयो ।

विद्यालयसँग सम्बन्धित विभिन्न तत्वहरूले सिकाइ उपलब्धिमा प्रभाव पार्छ भनी १८(७५%) बालबालिका, १८(९०%) अभिभावक, ६(१००%) शिक्षकहरूले बताएको पाइयो । ४(६६%) शिक्षकहरूले विभिन्न सामाजिक तत्वले सिकाइ उपलब्धिमा प्रभाव पार्छ भन्ने कुरा व्यक्त गरेको पाइयो । १२(६०%) अभिभावकहरूले समाजमा देखिएका समाजिक विकृतिले सिकाइ उपलब्धिमा बृद्धि हुन नदिने कुरा बताएको पाइयो । पारीवारिक संरचना एकल परिवार भएमा सिकाइ उपलब्धि राम्रो हन्छ भनी १६(८०%) अभिभावकको विचार पाइयो भने ४(२०%) अभिभावकले संयुक्त परिवारको संरचना हुँदा सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पार्ने कुरा बताएको पाइयो ।

१५(७५%) अभिभावकहरूको विचारमा आर्थिक अवस्था बलियो नभएमा सिकाइ उपलब्धिमा बृद्धि हुन नसक्ने भन्ने कुरा प्राप्त भयो । देशको राजनैतिक अवस्थामा सुदृढ नहुने हो भने बालबालिकाहरू विद्यालयमा गइ अध्ययन गर्न नसक्ने भनी १०(५०%) अभिभावकको भनाइ रहयो । सिकाइ उपलब्धिमा प्रत्यक्ष रूपमा राजनीतिक अस्थिरताले नकारात्मक प्रभाव पार्छ भन्ने सन्दर्भमा १००% अरू सबै उत्तरदाताबाट प्राप्त भयो ।

शिक्षक तथा विद्यार्थीका चाहना र आवश्यकताहरू, क्षमता तथा भावनाहरू, विद्यालयका विभिन्न गतिविधिहरू, सामाजिक र सांस्कृतिक परिवेशको प्रभाव आर्थिक अवस्था, राजनैतिक अवस्था, घरपरिवार, शिक्षण सिकाइ सम्बन्धि तत्व अन्तर सम्बन्धित रहेको देखियो । यस अवस्थालाई सुदृढ गर्न हरेक विषयको विषयगत सिकाइ प्रक्रियामा विशेष प्रभाव पार्ने तत्वहरूको पहिचान गर्दै सुधारात्मक कदम चाल्नुपर्ने धारणा सबै उत्तरदाताले व्यक्त गरेको पाइयो ।

प्रयाप्त शैक्षिक सामग्रीको व्यवस्था भएमा सिकाइ उपलब्धि बृद्धि हुन्छ भन्ने कुरा पाइयो । ३(१००%) प्र.अ., १(१००%) स्रोतव्यक्तिले विद्यालय भौतिक सुविधा सम्पन्न भएमा सिकाइ

उपलब्धिमा उल्लेख्य बृद्धि हुन्छ भनी बताएको पाइयो । शिक्षकहरूलाई पुनर्ताजगी तालिम दिएर, शिक्षकद्वारा विद्यार्थी केन्द्रीत शिक्षण विधिको प्रयोग गरेमा सिकाइ उपलब्धि बृद्धि हुन्छ भन्ने कुरा प्राप्त भयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनबाट प्राप्त तथ्याङ्को आधारमा प्राप्त प्रतिक्रियालाई व्याख्या तथा विश्लेषण गरी प्राप्तिका आधारमा अध्ययनका निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्ययनमा छनौटमा ३ वटा विद्यालयको जम्मा औषत सिकाइ उपलब्धि ५०% भन्दा कम देखिएको छ । यसबाट सिकाइ उपलब्धिमा सुधार नभएको देखिएकोले शिक्षण सिकाइ क्रियाकलापमा सुधार गरी सिकाइ उपलब्धि बढाउनु पर्छ ।

उत्तीर्ण संख्या प्रत्येक विद्यालयको सम्मिलित संख्यासँग हेर्दा सन्तोषजनक पाइएको छ । १००% उत्तीर्ण नभएकोले उत्तीर्ण संख्या १००% मा पुऱ्याउनु पर्दछ ।

विद्यार्थीसँग सम्बन्धित विभिन्न तत्वहरूले विद्यार्थीको उपलब्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । विद्यालयसँग सम्बन्धित यी तत्वहरूको सही प्रयोग भएमा सिकाइ उपलब्धिमा बृद्धि हुन्छ ।

बालबालिकाको सिकाइ उपलब्धिमा बृद्धि गर्न अभिभावकहरूको पढाइ प्रति सकारात्मक धारणाको विकास गराउने खालको कार्यक्रम विद्यालयमा सञ्चालित गर्नुपर्छ ।

बालबालिका तथा शिक्षकहरूका लागि आन्तरिक रूपले उत्प्रेरणा जगाई परिस्थितिसँग जुध्नसक्ने क्षमताको विकास गराउनु पर्छ । यसले गर्दा कलिला बालबालिकाहरूको सिकाइ उपलब्धिमा बृद्धि गर्न सकिन्छ । बालबालिकाहरूले सिकेका कुराहरूमा सकारात्मक किसिमले पुनर्वल तथा पृष्ठपोषण दिनु पर्ने हुन्छ । कुनै एक परिस्थितिमा सिकेका ज्ञानलाई नयाँ परिस्थितिमा सामन्जस्य ल्याउन सक्ने सीपको विकास गर्नुपर्छ ।

बालबालिकाहरूको वैयक्तिक विभिन्नताहरू पहिचान गर्न सक्ने क्षमता शिक्षकमा बिकास गर्नु पर्छ । यसका साथै हरेक क्रियाकलापहरूमा निर्धारण गरिएका लक्ष्य र उद्देश्यहरूमा पुग्नका लागि लक्षित उद्देश्यहरूको आधारमा निरन्तर अगाडि बढ्दै उपलब्धिहरूको क्रमिक रूपले सुधार गर्नु पर्दछ

सामाजिक र सांस्कृतिक परिवेश, परम्परागत संस्कृति मूल्य र मान्यता, नैतिक आचरण विश्वको बदलिदो परिवेशसँगै सामाजिक संरचनामा आएका फेरवदलहरू उचित दृष्टिकोण बोकेका राजनैतिक दृष्टिकोणहरू, नीति नियमहरूको उचित प्रयोग गर्नुपर्दछ । हाम्रो जस्तो गरिव र पिछडिएको वर्गको समाज भएको देशमा आर्थिक दृष्टिले शिक्षाको मूल धारबाट पछाडि परेका मानिसहरूलाई आर्थिक आयआर्जन गराई गरिवी निवारण गरी बालबालिकाको सिकाइ उपलब्धिमा सहज रूपले बृद्धि ल्याउनु पर्दछ ।

## ५.३ सुझावहरू

यस अध्ययनको क्रममा निश्चित अध्ययनको ढाँचाअन्तर्गत रहेर खोज र अनुसन्धानबाट प्राप्त परिणाम, नमूना छनौटमा परेका विभिन्न अभिभावकहरू, विद्यार्थीहरू, शिक्षकहरू, स्रोत व्यक्ति, प्र.अ.हरू वि.व्य. स.का अधिकारीहरू आदिका अन्तरवार्ता प्रश्नावलीबाट प्राप्त निष्कर्ष अनुसार र विद्यालयमा भएका तथ्याङ्कहरूको अध्ययन र अवलोकनबाट सरोकारवालाहरूमा सुझावहरू प्रस्तुत गर्न अनिवार्य देखिएको छ । काम गर्ने क्रममा विभिन्न सुधार गर्नुपर्ने पक्षहरू पनि रहेका हुन्छन् । कुनैपनि मेसिनको पनि कार्यक्षमता १००% हुन नसकेको विज्ञानको यथार्थतालाई अँगाल्दै अध्ययनको क्रममा भेटिएका कमजोरीहरू, सुधार गर्नुपर्ने पक्षहरू, विद्यालयका लागि, अभिभावकाका लागि, वि.व्य.स.का लागि, समाजका लागि, शिक्षाका नीति नियम निर्माताका लागि विभिन्न सुझावहरू पेश गर्न सकिन्छ ।

हरेक विद्यालयमा कक्षाकोठाको व्यवस्थापन बालबालिकाहरूको व्यक्तिगत विभिन्नता पहिचान गर्ने कार्य, शिक्षकहरूमा उत्साह ल्याउने कार्य र शिक्षकहरूलाई समय-समयमा भइरहेका तालिम तथा पुनर्ताजगी तालिमहरूको प्रभावकारी प्रयोगमा केही कमी देखिएको हुँदा विद्यालयको तर्फबाट यी कार्यहरूलाई विशेष जोड दिनुपर्ने देखिन्छ । समय-समयमा

विद्यार्थीका आन्तरिक चाहना र क्षमता अनुसार विभिन्न अतिरिक्त क्रियाकलापहरू सञ्चालन तथा अतिरिक्त क्रियाकलपको निरन्तरतालाई जोड दिई विद्यार्थीको व्यक्तित्व विकासलाई सहयोग पुऱ्याउनु पर्दछ ।

विद्यार्थीको सिकाइ उपलब्धिमा प्रभाव पार्नका लागि सबैभन्दा बढी जिम्मेवार शिक्षकहरू मानिन्छन् । हरेक शिक्षकले आफ्नो विषयवस्तुप्रति गहिरो अध्ययन गरी कलात्मक र रचनात्मक ढंगले बालबालिकाहरूलाई सृजनात्मक ज्ञान दिनु पर्छ । यस किसिमको ज्ञानका लागि प्रत्येक शिक्षकहरूले विद्यार्थीहरूलाई सक्रिय बनाई शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थी केन्द्रित विधिबाटै सम्पन्न गर्न सकेमा सिकाइ उपलब्धि उल्लेखनीय रूपमा हासिल गर्न सकिन्छ ।

बालबालिकाका हरेक क्रियाकलापहरूप्रति सबैभन्दा बढी नजिक अभिभावकहरू नै हुन्छन् । हरेक अभिभावकहरूले घरमा बालबालिकाहरूको शिक्षण सिकाइ क्रियाकलापमा उचित रेखदेख पुऱ्याउनुपर्ने हुन्छ । अध्ययन गरिएका विद्यालयहरूका धैरैजसो अभिभावकहरूले आफ्ना बालबालिकाप्रति शैक्षिक चासो कम देखाएको हुँदा सम्पूर्ण अभिभावकहरूले आफ्ना बालबालिकाप्रति उचित रेखदेख गर्नुपर्ने देखिन्छ ।

विद्यालयका सम्बन्धमा शैक्षिक वातावरणलाई प्रभाव पार्ने विभिन्न भौतिक अवस्थाहरू, विद्यालयको वातावरणमा रेखदेख, विद्यालय प्रशासन तथा शिक्षकहरूलाई उचित सरसल्लाह प्रदान गर्नका लागि वि.व्य.स.को खाँचो पर्दछ । अभिभावक र शिक्षकहरू बीचमा हुन गएको सञ्चारको अभावलाई जोड्ने काम साथै विद्यालयको समग्र भौतिक लगायत शैक्षिक वातावरण सुधार ल्याउनुपर्ने काम वि.व्य.स.ले गर्नुपर्ने हुँदा समय समयमा विद्यार्थी, शिक्षक, अभिभावक, बौद्धिक व्यक्तित्वहरूको बिचमा अन्तरक्रिया गराई सबैमा रहेका कमजारीहरू औल्याउने र सुधार गर्नु पर्दछ ।

हरेक बालबालिकाहरू असल सामाजिक संरचनाका लागि प्रमूख पात्रहरू हुन् समाजले सामाजिक आवश्यकता अनुसारका शैक्षिक जनशक्तिहरू उत्पादन गर्नमा चासो दिनुपर्ने हुन्छ । सामाजिक कार्यकर्ताहरू संघसंस्थाका प्रतिनिधिहरू, बौद्धिक व्यक्तित्वहरू आदिको

समय-समयमा जमघट गराई समाजमा शिक्षाको महत्वको बारेमा गर्नुपर्ने विभिन्न काम कर्तव्यहरूको लेखाजोखा गनुपर्ने जरूरी हुन्छ । समाजका निम्ति आवश्यक पर्ने विभिन्न पक्षका शैक्षिक जनशक्तिको आंकलन गर्दै दीर्घकालिन सोँच राखेर बालबालिकाहरूतर्फ केन्द्रित भई विद्यालयलाई रचनात्मक सहयोग गर्दै सामाजिक उत्तरदायित्व बहन गर्नुपर्दछ ।

स्थानीय स्तरमा सम्पन्न गर्नुपर्ने हरेक कार्यक्रमहरू, नीति नियमहरू माथिल्लो स्तरसँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । हरेक नीति निर्माताहरूले र शैक्षिक व्यक्तित्वहरूले पाठ्यक्रमको तर्जुमा गर्दा वा अन्य नीति नियमहरू निर्माण गर्दा समाजभित्रका चाहनाहरू, बालबालिकाहरूको अवस्था, क्षमता तथा चाहनाहरू, शैक्षिक जनशक्तिको पर्याप्तता साथै भौतिक साधन र स्रोतहरूको उपलब्धतालाई मध्यनजर गर्दै नीति नियमहरूको तर्जुमा गर्नुपर्छ । हाम्रो देशका हरेक क्षेत्रमा आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक, जातिगत विविधताहरू पाइएकोले उचित परिस्थिति अनुरूप मेलखाने र सम्भव हुने खालका नीति नियमहरूको तर्जुमा गरी कार्यान्वयन पक्षका लागि जोडदार रूपले सम्बन्धित निकायमा दबाब दिनुपर्दछ ।

# सन्दर्भ सामाग्री


काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर, सिन्हा, रामस्वरूप (२०५९), शैक्षिक प्रशासन र सुपरिवेक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

काफ्ले वासुदेव, विष्ट मिनबहादुर, सिन्हा रामस्वरूप, श्रेष्ठ चन्द्रबहादुर (२०६०), शैक्षिक योजना, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५९), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला विद्यानाथ र आचार्य, सुसन (२०६१), सामाजिक न्यायको सेरोफेरोमा शिक्षा, काठमाडौं : स्टुडेन्ट्स बुक्स पब्लिशर्स एण्ड डिष्टिव्युटर्स ।

खनाल, पेशल (२०६०), शैक्षिक अनुसन्धान पद्धति, काठमाडौं : सनलाईट पब्लिकेशन ।

खनाल, मुकुन्दमणि र आचार्य सुसन (२०६३), शिक्षाको वित्तीय अर्थशास्त्र, काठमाडौं : मकालु प्रकाशन गृह ।

खनाल, श्रीप्रसाद र मुडभरी, नवराज (२०५९), शैक्षिक अनुसन्धान पद्धतिको परिचय, काठमाडौं : क्षितिज प्रकाशन ।

गौंडेल, यादव तथा अन्य (२०६४), शिक्षाको वित्त शास्त्र, काठमाडौं : स्टुडेन्टस् बुक्स ।

ढकाल, रामजीप्रसाद (२०६६), प्राथमिक तहका बालबालिकाहरूको शैक्षिक उपलब्धि अध्ययन, अप्रकाशित शोधपत्र त्रि.वि., तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

ढकाल, रामप्रसाद (२०६६), प्राथमिक तहमा छात्रा भर्ना तथा नियमिततामा प्रभाव पार्ने तत्वहरू, अप्रकाशित शोधपत्र त्रि.वि., तानसेन बहुमुखी क्याम्पस, पाल्पा ।

दंगाल, बलराम (२०६४), शिक्षक व्यवस्थापनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव, अप्रकाशित शोधपत्र ।

नेपाल अधिराज्यको संविधान-२०४७, काठमाडौं : जनसुविधा प्रकाशन केन्द्र ।

नेपाल अधिराज्यको संविधान-२०६३, काठमाडौं : शीतल सुलभ प्रकाशन ।

भण्डारी, मुकुन्द र अरु (२०६४), शिक्षा मनोविज्ञान, काठमाडौं : दिक्षान्त प्रकाशन ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०६४), शिक्षाका आधारहरू, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपिनाथ (२०५७), नेपालको शैक्षिक इतिहास, काठमाण्डौ : लुम्बिनी पुस्तक भण्डार ।

शर्मा, गोपिनाथ (२०५९), शिक्षा आयोगका प्रतिवेदनहरू, काठमाडौं : मकालु बुक्स ।

शर्मा, चिरञ्जिवी (२०६२), शिक्षाका आधारहरू, काठमाडौं : एम.के. पब्लिशर्स डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०५८), शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार, काठमाडौं : एम.के. पब्लिशर्स डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६१), शैक्षिक सुपरिवेक्षण, काठमाडौं : एम.के. पब्लिशर्स डिष्ट्रिव्युटर्स ।

शर्मा, चिरञ्जिवी र शर्मा, निर्मला (२०६४), शैक्षिक योजना, काठमाडौं : एम.के. पब्लिशर्स डिष्ट्रिव्युटर्स ।

# प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

## परिशिष्ट-१

## प्रधानाध्यापकका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नामः-　　　　　　　　　　　लिङ्गः-

प्र.अ.को नामः-　　　　　　　　　　　　उमेरः-

शैक्षिक योग्यताः-

(१) तपाईको विद्यालयमा प्राथमिक तहका वालवालिकाहरूको सिकाइ उपलब्धि बृद्धि गर्न के-कस्ता जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गर्नु भएको छ ? नगरेको भए किन गर्नु भएन ?

(२) सरकारी निती नियमले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको छ ? सिकाइ उपलब्धिका लागि सरकारले के कार्यक्रम ल्याएको छ ? वा कार्यक्रमहरू छैनन् ?

(३) विद्यालयमा विद्यार्थीहरूको सुरक्षाको व्यवस्था के-कस्तो छ ?

(४) विद्यार्थीहरूको मूल्याङ्कन कसरी गर्नु हुन्छ ?

(५) विद्यार्थीहरूमा सिकाइ उपलब्धिका लागि प्रभाव पार्ने आन्तरिक तत्वहरू के के हुन् ?

(६) विद्यार्थीको व्यक्तिगत विभिभताले र वंशाणुगत गुणले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पार्न सक्छ ?

(७) तपाईको विचारमा लैङ्गिक विभेद र सामाजिक सांस्कृतिक विभेदले सिकाइ उपलब्धिमा कस्तो प्रभाव पारेको देख्नु हुन्छ ?

(८) राजनितीले सिकाइ उपलब्धिमा के साच्चै असर पार्छ होला ?

(९) तपाईको विद्यालयमा विषयगत रूपले सिकाइ उपलब्धि कति देखिन आएको छ ?

(१०) विद्यालयका जम्मा परीक्षार्थी मध्ये कति विद्यार्थी अनुतीर्ण र कती उत्तीर्ण भएका छन् ?

(११) कक्षा क्रियाकलाप र अतिरिक्त क्रियाकलाप मध्ये सिकाइ उपलब्धि बृद्धिमा कुन बढी उपयुक्त मानिन्छ ? वा दुवैको उत्तीकै आवश्यक पर्छ ?

(१२) विद्यालयमा जिल्ला स्तरबाट निती नियम र सूचनाहरू लगातार आउने गर्छन वा गर्दैनन ?

(१३) विद्यालय सुधार योजना फाराम Flash I र Flash II फाराम नियमित रूपमा भर्ने कार्य भएको छ वा छैन ?

## प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

## परिशिष्ट-२

## शिक्षकका लागि अन्तरवार्ता प्रश्नावली

विद्यालयको नामः- लिङ्गः-

प्र.अ.को नामः- उमेरः-

शैक्षिक योग्यताः-

(१) तपाईको विद्यालयले भर्ना अभियानको क्रममा घरदैलो कार्यक्रम गऱ्यो कि गरेन ? नगरेको भए किन गर्नु भएन ?

(२) सरकारी निती नियमले वालवालिकाहरूको सिकाइ उपलब्धिमा कस्तो असर परेको छ ? सिकाइ उपलब्धि लाई प्रोत्साहन गर्न के कस्ता कार्यक्रमहरू ल्याउनुपर्ला ?

(३) शिक्षण सिकाइ क्रियाकलापमा तपाईहरू धेरै जसो कुन विधिको प्रयोग गर्नु हुन्छ ?

(४) शिक्षण क्रियाकलापमा स्थानिय स्तरमा तयार गरिएका शैक्षिक सामग्री प्रयोग गर्नु हुन्छ कि पूर्व निर्मीत स्थानिय स्तर बाहेकका शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ?

(५) तपाईको विद्यालयमा शिक्षकहरू महिला मात्रै, पुरूष मात्रै वा पुरूष र महिला के कस्तो अवस्थामा छन् ?

(६) सिकाइ उपलब्धिका लागि छात्र छात्राको वंशाणूगत गुणले कस्तो प्रभाव पारेको ठान्नु हुन्छ ?

(७) सिकाइ उपलब्धिका लागि प्रभाव पार्ने तत्वहरू के के हुन सक्छन् ?

(८) राजनितिले विद्यार्थीको सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको हुन्छ ?

(९) घरपरिवारमा तथा विद्यालय बाहेक अन्य अवस्थामा सिकाइ उपलब्धि बृद्धि गर्न के कस्ता कार्यहरू गर्नुपर्ला ?

(१०) चेतना अभिबृद्धि गर्न र सबै वालवालिकालाई विद्यालयमा समाहित गराउन विद्यालयले के कस्ता कार्यहरू गर्न सक्छ ?

(११) सिकाइ उपलब्धिका लागि आर्थिक तत्वले कस्तो प्रभाव पारेको हुन्छ ?

(१२) सिकाइ उपलब्धि बृद्धिका लागि विद्यार्थी र शिक्षकको सम्बन्ध कस्तो किसिमको हुनुपर्छ ?

(१३) तपाईको विचारमा सिकाइ उपलब्धिका लागि अभिभावकले कस्तो भुमिका निर्वाह गर्नुपर्छ ?

(१४) वि.व्य.स. ले सिकाइ उपलब्धि बृद्धि गर्न कुनै कदमहरू चालेको छ कि छैन ?

(१५) सिकाइ उपलब्धिमा प्रभावकारीता ल्याउन अतिरिक्त क्रियाकलापले कस्तो किसिमको प्रभाव पार्छ ?

## प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

## परिशिष्ट- ३

## विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूका लागि अन्तरवार्ता प्रश्नावली

(१) विद्यालय सञ्चालनका लागि के कस्ता स्थानिय निती नियमहरूको तर्जुमा गर्नु भएको छ ?

(२) विद्यालयको भौतिक वातावरण पर्याप्त मात्रामा छ की छैन ?

(३) सिकाइ उपलब्धिमा बृद्धि ल्याउन शिक्षकमा उत्प्रेरणा गर्ने के कस्तो योजना बनाउनु भएको छ ?

(४) विद्यार्थीहरूलाई अत्याधिक रूपमा कक्षा छाड्ने र दोहोराउने समस्याको समाधान कसरी गर्न सकिन्छ ?

(५) अभिभावकहरूले सिकाइ उपलब्धि बृद्धि ल्याउन के के गर्नुपर्छ ?

(६) आर्थिक अवस्थाले सिकाइमा पार्ने प्रभाव बताउनुहोस् ।

(७) विद्यालयका शिक्षकहरू राजनितिक कार्यक्रममा सक्रिय वा निष्क्रिय के हुन्छन् ?

(८) सबै विद्यार्थीहरूले शिक्षामा समान अवसर पाएका छन् वा छैनन ?

(९) विद्यार्थी संस्थाको आधारमा शिक्षकहरू प्रयाप्त छन् वा छैनन ?

(१०) सबै शिक्षकहरू तालिम प्राप्त छन् वा छैनन ?

(११) शिक्षक तथा विद्यार्थीमा नियमितता कस्तो छ ?

(१२) बन्द हड्तालका कारणले विद्यालय कति दिन प्रभावित भयो ?

(१३) अभिभावकहरूले छात्र छात्रामध्ये कसलाई घरायसी काममा लगाउने गराको पाउनु हुन्छ ?

(१४) व्यवस्थापन समितिको बैठक वर्षमा कतिपटक बस्नु हुन्छ ? र के कस्ता निर्णयहरू गराउनुहुन्छ ?

(१५) व्यवस्थापन समिति, शिक्षक स्टाफ र शिक्षक अभिभावक संघ विचको समन्वयलाई कसरी हाँक्नु भएको छ ?

## परिशिष्ट-४

## स्रोत व्यक्तिका लागि अन्तर्वातासूची

स्रोत व्यक्तिको नाम :-

स्रोतकेन्द्रको नाम :-

ठेगाना :- अनुभव वर्ष :-

(१) तपाईको प्रमुख जिम्मेवारी के हो ?

(२) अनुगमनका क्रममा विद्यालयमा देखिएका प्रमुख समस्याहरू के के हुन् ?

(३) प्राथमिक तहको सिकाइ उपलब्धि सन्तोषजनक नहुनुका कारणहरू के के हुन् ?

(४) तपाईको विचारमा सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्त्वहरू के के हुन सक्छन् ?

(५) सिकाइ उपलब्धिलाई बृद्धि गर्नका लागि स्रोतकेन्द्रको तर्फबाट के कस्ता कार्यहरू भएका छन् ?

(६) विद्यार्थीको आर्थिक अवस्था कमजोर छ भने तपाईले यस समस्यालाई समाधान गरी उपलब्धि बृद्धि गर्न के गर्न उचित ठान्नुहुन्छ ?

(७) १ वर्षमा तपाईको स्रोतकेन्द्रअन्तर्गत पर्ने विद्यालयहरूमा कतिपटक अनुगमन गर्नुहुन्छ ?

(८) अनुगमनबाट विद्यालयको शैक्षिक स्तर सुधार्न फाइदा भएको दख्नुहुन्छ ?

(९) तपाईका थप अन्य सुझावहरू भए उल्लेख गर्नुहोस् ?

## परिशिष्ट-५

## विद्यार्थीका लागि अन्तरवार्ता प्रश्नावली

(१) तिम्रो नाम के हो ?

(२) तिमी कति कक्षामा पढ्छौ ?

(३) तिम्रो परिवारमा सदस्य संख्या कति छ ?

(४) कक्षाकोठामा सजिलैसँग बस्ने र लेख्ने सुविधा छ कि छैन ?

(५) बाहिरी हो हल्लाहरूले कक्षाकोठामा कस्तो असर पारेको छ ?

(६) तिम्रो घरबाट विद्यालय पुग्न कति समय लाग्छ ?

(७) तिमी अतिरिक्त क्रियाकलापमा समावेश हुने गरेका छौ कि छैनौ ?

(८) तिमीलाई भविष्यमा के बन्न मन लागेको छ ?

(९) तिम्रो विद्यालयका केही शिक्षकले मात्रै राम्रो पढाउनु हुन्छ की सबै शिक्षकले राम्रो पढाउनु हुन्छ ?

(१०) गृहकार्य गर्ने समय घरमा प्रशस्त पुग्छ की पुग्दैन ?

(११) तिम्रो सबैभन्दा मनपर्ने विषय कुन हो ?

(१२) तिमिलाई समय समयमा आर्थिक कठिनाई पर्छ कि पर्दैन ?

(१३) तिम्रो वावुआमाको पेशा के हो ? र कति पढ्नु भएको छ ?

(१४) शिक्षकले दिएको गृहकार्य नियमित गर्छौ कि गर्दैनौं ?

(१५) अहिले सम्म तिमिले कतिपटक पुरस्कार पायौं ?

(१६) तिमी विद्यालयमा नियमित हुन्छौ कि हुन्नौं ?

(१७) अध्ययनका क्रममा परेका तिम्रा समस्याहरू के के हुन् ?

## परिशिष्ट-६

## अभिभावकका लागि अन्तरवार्ता प्रश्नावली

(१) सिकाइ उपलब्धिमा अभिभावकको भुमिका के के हुन सक्छन् ?

(२) सिकाइ उपलब्धि बृद्धिका लागि शिक्षकको महत्व तपाईको विचारमा किन छ ?

(३) सरकारी निती नियमहरूले सिकाइ उपलपब्धिमा पार्ने प्रभावहरू के के हुन् ?

(४) वालवालिकाका वंशाणुगत गुणले सिकाइमा पार्ने प्रभाव के के होलान् ?

(५) सिकाइ उपलब्धिका लागि आर्थिक अवस्थाले कस्तो प्रभाव पार्छ ?

(६) विद्यार्थी हरूमा पुरस्कार र दण्डले सिकाइमा कस्तो प्रभाव पार्छ ?

(७) सिकाइका लागि आन्तरिक उत्प्रेरणा दिनुपर्छ कि पर्दैन ?

(८) सिकाइ उपलब्धि बृद्धि गर्नका लागि शिक्षकले सुधार गर्नु पर्ने पक्षहरू के-के देख्नुहुन्छ ?

(९) तपाइले घरमा छोराछोरीलाई अध्ययनका लागि कति समय दिनुहुन्छ ?

(१०) विद्यार्थीले शिक्षाप्राप्त गर्न के-के कुराले कस्तो प्रभाव पार्छ ?

(११) तपाइको विचारमा एकल परिवार र संयुक्त परिवारले बालबालिकाको सिकाइमा के कस्तो प्रभाव पार्छन् ?

## परिशिष्ट-७

## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम र ठेगाना :-

शिक्षक संख्या (प्रा.वि. तह) :- सञ्चालित कक्षा :-

महिला..................पुरूष......................जम्मा ...........................

तालिम प्राप्त शिक्षक संख्या (प्रा.वि.)

महिला..................पुरूष......................जम्मा ...........................

**कक्षागत विद्यार्थी विवरण**

| कक्षा | जम्मा विद्यार्थी भर्ना | | परीक्षामा सम्मिलित | | उत्तिर्ण विद्यार्थी | |
|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

# प्राथमिक तहको सिकाइ उपलब्धिमा प्रभाव पार्ने तत्वहरू

## परिशिष्ट-८

## विद्यालय अवलोकन फारम

| क.सं. | शीर्षक | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| १ | विद्यालयको डेस्क बेन्चको अवस्था | | | |
| २ | शैक्षिक सामग्रीको प्रयाप्तता | | | |
| ३ | विद्यार्थीहरू समयमै विद्यालय प्रवेश | | | |
| ४ | उपयुक्त शिक्षण विधिको प्रयोग | | | |
| ५ | विद्यार्थी-विद्यार्थीबीचको सम्बन्ध | | | |
| ६ | शिक्षक-विद्यार्थी सम्बन्ध | | | |
| ७ | कक्षाकोठाको अवस्था | | | |
| ८ | विद्यार्थी क्रियाशिलता | | | |
| ९ | शिक्षक-विद्यार्थीलाई पुरस्कार र दण्डको व्यवस्था | | | |
| १० | पुस्तकहरूको उपलब्धता | | | |